२०७७।३।१३
प्रमुख सचिव

# प्रदेश नं. १ प्रदेश वातावरण संरक्षण नियमावली, २०७७

प्रदेश नं. १ प्रदेश वातावरण संरक्षण ऐन, २०७६ को दफा ५४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १ को प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरुको नाम "प्रदेश नं. १ प्रदेश वातावरण संरक्षण नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले प्रदेश नं. १ प्रदेश वातावरण संरक्षण ऐन, २०७६ सम्झनुपर्छ ।

(ख) "कार्यसूची" भन्नाले प्रतिवेदन तयार गर्नको लागि नियम ५ बमोजिम स्वीकृत कार्यसूची सम्झनुपर्छ ।

(ग) "निरीक्षक" भन्नाले ऐनको दफा २६ बमोजिमको वातावरण निरीक्षक सम्झनुपर्छ ।

(घ) "प्रयोगशाला" भन्नाले ऐनको दफा २० बमोजिम स्थापना गरिएको वा तोकिएको प्रयोगशाला सम्झनुपर्छ ।

(ङ) "संञ्चालक समिति" भन्नाले नियम ३४ बमोजिम गठन भएको कोष सञ्चालक समिति सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले ऐनको दफा ८ बमोजिमको समिति सम्झनुपर्छ ।

(छ) "सम्वन्धित मन्त्रालय" भन्नाले विकास निर्माण सम्वन्धी कार्य वा आयोजना वा कार्यक्रमसँग सम्वन्धित प्रदेशको विषयगत मन्त्रालयलाई सम्झनुपर्छ ।

(ज) "क्षतिपूर्ति" भन्नाले नियम ४० बमोजिमको क्षतिपूर्ति सम्झनुपर्छ ।

(झ) "क्षेत्र" भन्नाले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नका लागि नियम ४ बमोजिम निर्धारण गरिएको क्षेत्र सम्झनुपर्छ ।

## परिच्छेद -२
## वातावरणीय अध्ययन सम्वन्धी व्यवस्था

३. वातावरणीय अध्ययन गर्नुपर्ने: (१) ऐनको दफा ३ को उपदफा (१) अनुसार प्रस्तावकले अनुसूची-१ मा उल्लेख भएका क्षेत्रसँग सम्वन्धित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन, अनुसूची-२ मा उल्लेख भएका क्षेत्रसँग सम्वन्धित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण



सञ्जीव कुमार राई
प्रदेश सचिव

र अनुसूची-३ मा उल्लेख भएका क्षेत्रसँग सम्वन्धित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) प्रदेशको अधिकारक्षेत्र भित्र पर्ने अनुसूची-१, अनुसूची-२ र अनुसूची-३ बमोजिमको क्षेत्रसँग सम्वन्धित विकास निर्माण सम्वन्धी कार्य वा आयोजना वा कार्यक्रमको प्रस्ताव स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ र मन्त्रालयले अनुसूची-१ र अनुसूची-२ बमोजिमको क्षेत्रसँग सम्वन्धित प्रस्तावको लागि आवश्यक ठानेमा आयोजनासँग सम्वन्धित विषयगत मन्त्रालयलाई अधिकार प्रत्योजन गर्न सक्नेछ ।

(३) स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने विकास निर्माण सम्बन्धी कार्य वा आयोजना वा कार्यक्रमको संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन मन्त्रालयले स्वीकृत गर्नु पर्ने भएमा त्यस्तो स्थानीय तहले आफ्नो राय सहित क्रमशः अनुसूची-७ र अनुसूची-८ बमोजिमको ढाँचामा कार्यसूची तयार गरी मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ र मन्त्रालयले त्यस्तो कार्यसूची स्वीकृतिका लागि सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायलाई तत्काल पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायमा पेश गरिएको कार्यसूची स्वीकृत भएमा त्यस्तो कार्यसूचीका आधारमा सम्वन्धित स्थानीय तहले नियम ७ मा तोकिएको ढाँचा र प्रकृया अपनाई वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी नियम ८ को उपनियम (६) बमोजिमको कागजात सहित स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ र मन्त्रालयले ऐन र यस नियमावली बमोजिम स्वीकृतिको लागि सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायमा तत्काल पठाउनु पर्नेछ ।

(५) सम्वन्धित स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने अनुसूची-३ मा उल्लेख भएका क्षेत्रसँग सम्वन्धित कार्यको लागि वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पूर्व ऐन तथा नियम ४ बमोजिमको प्रकृया अवलम्बन गरी क्षेत्र निर्धारण प्रतिवेदन र नियम ५ बमोजिमको प्रकृया अवलम्वन गरी मन्त्रालयबाट कार्यसूची स्वीकृत गराउनु पर्नेछ र स्वीकृत क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूचीमा आधारमा ऐन र यस नियमावली बमोजिमको प्रकृया पूरा गरी प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिका लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(६) प्रदेश सरकार वा स्थानीय तहसँग सम्वन्धित अनुसूची-१ र अनुसूची-२ मा उल्लेखित क्षेत्रसँग सम्वन्धित वहुउद्देश्यीय आयोजना समावेश भएको प्रस्ताव पेश गर्दा आयोजनासँग सम्वन्धित प्रदेश सरकारको मन्त्रालय मातहतको कम्तिमा जिल्ला स्तरको कार्यालयको राय र अनुसूची-३ मा उल्लेखित क्षेत्रसँग आधारित प्रस्ताव पेश गर्दा प्रदेश सरकारको सम्वन्धित मन्त्रालयको राय समावेश गर्नु पर्नेछ ।

(७) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा अनुसूची-४ बमोजिमको ढाँचामा सार्वजनिक सुनुवाई प्रतिवेदन समेत समावेश गर्नु पर्नेछ ।

४. <u>वातावरणीय प्रभाव मूल्याङ्कनको लागि क्षेत्र निर्धारण गर्नुपर्ने:</u> (१) ऐनको दफा ५ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने कुनै प्रस्तावको सम्बन्धमा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने स्थानीय तह तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट पर्न सक्ने प्रभावको सम्बन्धमा दश दिन भित्र लिखित सुझाव दिनको लागि सम्बन्धित स्थानीय तह तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थामा अनुसूची-५ बमोजिमको ढाँचामा सूचना टाँस गरी अनुसूची-१५ बमोजिमको मुचुल्का तयार गर्नु पर्नेछ र सोही बमोजिमको दश दिने सूचना राष्ट्रिय स्तरको कुनै एक दैनिक समाचारपत्रमा समेत प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्रकाशित भएपछि सो सम्बन्धमा कसैको राय सुझाव भए त्यसरी सूचना प्रकाशन भएको मितिले दश दिनभित्र सम्बन्धित प्रस्तावक वा सूचनामा उल्लेखित सम्बन्धित निकायलाई आफ्नो राय सुझाव दिन सकिनेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त राय सुझाव समेत संलग्न गरी प्रस्तावकले त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा के कस्तो प्रभाव पर्न सक्छ सो समेत उल्लेख गरी अनुसूची-३ मा उल्लेख भएका क्षेत्रसँग सम्बन्धित प्रस्तावका लागि अनुसूची-६ बमोजिमको ढाँचामा क्षेत्र निर्धारणको प्रतिवेदन तयार गरी सम्बन्धित मन्त्रालय वा सम्बन्धित निकाय समक्ष निवेदन दिनु पर्नेछ।

(४) मन्त्रालयको अधिकारक्षेत्र भित्र पर्ने अनुसूची-३ मा उल्लेखित क्षेत्रको प्रस्तावको हकमा प्रस्तावकले अनुसूची-६ बमोजिमको ढाँचामा क्षेत्र निर्धारण प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(५) स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने अनुसूची-३ मा उल्लेख भएका क्षेत्रसँग सम्बन्धित प्रस्तावको हकमा अनुसूची-६ बमोजिमको ढाँचामा क्षेत्र निर्धारणको प्रतिवेदन तयार गरी सम्बन्धित स्थानीय तह समक्ष निवेदन दिनु पर्नेछ र सम्बन्धित स्थानीय तहले स्थानीय कानून बमोजिम जाँचबुझ गरी राय तथा सिफारिश सहितको क्षेत्र निर्धारण प्रतिवेदन स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपनियम (३) बमोजिमको निवेदन सहित प्राप्त क्षेत्र निर्धारण प्रतिवेदन उपर जाँचबुझ गरी सिफारिश गर्न सम्बन्धित मन्त्रालय वा सम्बन्धित निकायमा नियम ४३ को उपनियम (१) को खण्ड (ख) मा उल्लेख भए बमोजिमको मूल्याङ्कन तथा सिफारिश समिति गठन गर्नु पर्नेछ ।



सञ्जीव कुमार राई
प्रदेश सचिव

(७) उपनियम (६) बमोजिमको समितिले मूल्याङ्कन गरी सिफारिश गरेका आधारमा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले राय र सिफारिश सहितको प्रतिवेदन स्वीकृतिका लागि पन्ध्र दिन भित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(८) उपनियम (४) बमोजिमको निवेदन र उपनियम (५) बमोजिम सम्वन्धित स्थानीय तहको राय र सिफारिश सहित प्राप्त क्षेत्र निर्धारण प्रतिवेदन र उपनियम (७) बमोजिम मन्त्रालयमा प्राप्त प्रतिवेदन उपर जाँचबुझ गर्न मन्त्रालयले नियम ४३ को उपनियम (१) को खण्ड (ख) मा उल्लेख भए बमोजिमको मूल्याङ्कन तथा सिफारिश समिति गठन गर्नु पर्नेछ ।

(९) उपनियम (८) बमोजिमको समितिले प्रस्ताव स्वीकृत गर्न वा नगर्न मन्त्रालयलाई सिफारिश गर्नेछ ।

(१०) उपनियम (९) बमोजिमको सिफारिशका आधारमा मन्त्रालयले प्रस्तावित वा संशोधित रुपमा मन्त्रालयको राय समेत समावेश गरी ऐनको दफा ५ को उपदफा (२) मा तोकिएको अवधिभित्र क्षेत्र निर्धारणको प्रतिवेदन स्वीकृत वा अस्वीकृत गर्नेछ ।

(११) मन्त्रालयले उपनियम (१०) बमोजिमको निर्णयको जानकारी सम्वन्धित प्रस्तावकलाई गराउनु पर्नेछ र आवश्यकता अनुसार त्यस्तो जानकारी सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकाय वा सम्वन्धित स्थानीय तहलाई समेत गराउनु पर्नेछ ।

५. <u>वातावरणीय अध्ययनको लागि कार्यसूची स्वीकृत गर्नुपर्ने:</u> (१) ऐनको दफा ५ को उपदफा (१) अनुसार संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने अनुसूची-१ र अनुसूची-२ मा उल्लेख भएका क्षेत्रसँग सम्वन्धित प्रस्तावको प्रतिवेदन तयारीको लागि प्रस्तावकले क्रमशः अनुसूची-७ र अनुसूची-८ बमोजिमको ढाँचामा र अनुसूची-३ बमोजिमको क्षेत्रसँग सम्वन्धित प्रस्तावको हकमा प्रस्तावकले नियम ४ बमोजिम मन्त्रालयले स्वीकृत गरेको क्षेत्र निर्धारण प्रतिवेदनको आधारमा अनुसूची-९ बमोजिमको ढाँचामा कार्यसूची बनाई स्वीकृतिका लागि सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ।

(२) मन्त्रालयको अधिकार क्षेत्र भित्र पर्ने अनुसूची-१ र अनुसूची-२ मा उल्लेख भएका क्षेत्रसँग सम्वन्धित प्रस्तावको प्रतिवेदन तयारीको लागि प्रस्तावकले क्रमशः अनुसूची-७ र अनुसूची-८ बमोजिमको ढाँचामा र अनुसूची-३ बमोजिमको क्षेत्रसँग सम्वन्धित प्रस्तावको हकमा प्रस्तावकले नियम ४ बमोजिम मन्त्रालयले स्वीकृत गरेको क्षेत्र निर्धारण प्रतिवेदनको आधारमा अनुसूची-९ बमोजिमको ढाँचामा कार्यसूची बनाई स्वीकृतिका लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने अनुसूची-३ बमोजिमको क्षेत्रसँग सम्वन्धित प्रस्तावको हकमा प्रस्तावकले नियम ४ बमोजिम मन्त्रालयले स्वीकृत गरेको



सञ्जीव कुमार
प्रदेश सचिव

क्षेत्र निर्धारण प्रतिवेदनको आधारमा अनुसूची-९ बमोजिमको ढाँचामा कार्यसूची बनाई स्वीकृतिका लागि सम्वन्धित स्थानीय तह समक्ष निवेदन दिनु पर्नेछ र सम्वन्धित स्थानीय तहले स्थानीय कानून बमोजिम जाँचबुझ गरी राय तथा सिफारिश सहित कार्यसूची स्वीकृतिका लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायमा पेश भएको अनुसूची-१ र अनुसूची-२ मा उल्लेख भएको क्षेत्रसँग सम्वन्धित प्रस्तावको कार्यसूचीको मूल्याङ्कनका लागि सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायमा नियम ४३ को उपनियम (१) को खण्ड (क) बमोजिमको मूल्याङ्कन तथा सिफारिश समिति गठन गर्नु पर्नेछ र उक्त समितिले मूल्याङ्कन गरी सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकाय समक्ष सिफारिश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको सिफारिशका आधारमा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले त्यस्तो कार्यसूचीलाई पुनरावलोकन गरी प्रस्तावित वा संशोधित रुपमा ऐनको दफा ५ को उपदफा (२) मा तोकिएको अवधिभित्र स्वीकृत वा अस्वीकृत गर्नेछ।

(६) उपनियम (१) बमोजिम सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायमा पेश भएको अनुसूची-३ बमोजिमको क्षेत्रसँग सम्वन्धित प्रस्तावको कार्यसूची नियम ४ को उपनियम (५) बमोजिम क्षेत्र निर्धारणको लागि गठन भएको सम्वन्धित प्रस्तावको मूल्याङ्कन तथा सिफारिश समितिले मूल्याङ्कन गरी सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकाय समक्ष सिफारिश गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिमको सिफारिशका आधारमा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले राय तथा सिफारिश सहित कार्यसूची स्वीकृतिका लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(८) उपनियम (२) बमोजिम मन्त्रालयको अधिकारक्षेत्र भित्र पर्ने अनुसूची-१ र अनुसूची- २ बमोजिमको क्षेत्रसँग सम्वन्धित प्रस्तावको कार्यसूची स्वीकृतिका लागि मन्त्रालय समक्ष पेश भएमा मन्त्रालयले नियम ४३ को उपनियम (१) को खण्ड (क) बमोजिमको मूल्याङ्कन तथा सिफारिश समिति गठन गर्नु पर्नेछ र उक्त समतिले मूल्याङ्कन गरी मन्त्रालयलाई सिफारिश गर्नु पर्नेछ ।

(९) उपनियम (२) बमोजिम मन्त्रालयको अधिकारक्षेत्र भित्र पर्ने अनुसूची-३ सँग सम्वन्धित क्षेत्रको प्रस्तावको बारेमा प्रस्तावकले मन्त्रालय समक्ष पेश गरेको कार्यसूची वा उपनियम (३) बमोजिम सम्वन्धित स्थानीय तहले राय तथा सिफारिश सहित मन्त्रालयमा पेश गरेको कार्यसूची वा उपनियम (७) बमोजिम सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले राय तथा सिफारिश सहित मन्त्रालयमा पेश गरेको कार्यसूची स्वीकृतिका लागि नियम ४ को उपनियम (५) बमोजिम क्षेत्र निर्धारणको लागि मन्त्रालयमा गठन भएको



संजीव कुमार राई
प्रदेश सचिव

सम्वन्धित प्रस्तावको मूल्याङ्कन तथा सिफारिश समितिले मूल्याङ्कन गरी मन्त्रालय समक्ष सिफारिश गर्नु पर्नेछ ।

(१०) उपनियम (७) वा उपनियम (९) बमोजिमको सिफारिशका आधारमा मन्त्रालयले त्यस्तो कार्यसूचीलाई पुनरावलोकन गरी प्रस्तावित वा संशोधित रुपमा ऐनको दफा ५ को उपदफा (२) मा तोकिएको अवधिभित्र स्वीकृत वा अस्वीकृत गर्नेछ ।

(११) उपनियम (५) वा उपनियम (१०) बमोजिम गरेको निर्णयको कार्यान्वयनका लागि मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले तत्काल सम्वन्धित प्रस्तावकलाई जानकारी गराउनु पर्नेछ ।

(१२) मन्त्रालय बाहेका अन्य मन्त्रालय वा निकायको सिफारिशको आधारमा मन्त्रालयले उपनियम (१०) बमोजिम निर्णय गरेको भए मन्त्रालयले सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायलाई समेत त्यस्तो निर्णय कार्यान्वयनका लागि तत्काल जानकारी गराउनु पर्नेछ।

६. <u>मापदण्ड एवं गुणस्तर कायम गर्ने तथा क्षतिपूर्ति भराउने सम्वन्धी व्यवस्थाः</u> (१) ऐनको दफा ६ को उपदफा (१) अनुसार नेपाल सरकार वा प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुने गरी प्रस्तावकले अनुसूची-१० मा तोकिए बमोजिमको विज्ञ रहेको परामर्शदाताबाट वातावरणीय अध्ययन प्रतिवेदन तयार गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको मापदण्ड एवं गुणस्तर कायम नभएको पाइएमा मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले ऐनको दफा ६ को उपदफा (२) बमोजिमको अवधि सम्मको लागि कालोसूचीमा राखेछ ।

(३) प्रस्तावसँग सरोकार राखे सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले वातावरणीय प्रभाव मूल्याङ्कनका लागि क्षेत्र निर्धारण प्रतिवेदन, कार्यसूची र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्दा वा स्थानीय तहले क्षेत्र निर्धारण प्रतिवेदन, कार्यसूची र वातावरणीय अध्ययन प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्दा उक्त प्रतिवेदनहरु हेरी जाँची परिमार्जन गर्नुपर्ने भएमा सो समेत गराई सोको पुष्ट्याई समेत संलग्न गरी सिफारिश साथ पठाउनु पर्नेछ ।

(४) ऐनको दफा ६ विपरित प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर पालना नगरी परामर्शदाताले प्रतिवेदन पेश गरी प्रस्तावकलाई क्षति पुगेमा के कस्तो क्षति पुग्न गएकोले के कति क्षतिपूर्ति भराउन चाहेको हो सो व्यहोरा खुलाई सम्वन्धित प्रस्तावकले मन्त्रालयको अधिकार क्षेत्र भित्र पर्ने विषयमा मन्त्रालय समक्ष र अन्य मन्त्रालय वा निकायको अधिकारक्षेत्र भित्र पर्ने भएमा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम कुनै निवेदन प्राप्त भएमा पन्ध्र दिन भित्र सो निवेदनका विषयमा निर्णय गर्न मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले आवश्यकता अनुसार सम्वन्धित प्रस्तावक समेतको संलग्नता रहने गरी सम्वन्धित विज्ञहरु रहेको एक जाँचबुझ समिति गठन गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिम गठित समितिले जाँचबुझ गरी प्रस्तावकलाई पुग्न गएको क्षतिको किसिम, परिमाण, असर र प्रभावको यकिन गरी कस्तो प्रकारको क्षति भराउनु पर्ने हो सो समेत खुलाई पन्ध्र दिन भित्रमा मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम पेश हुन आएको प्रतिवेदनका आधारमा मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले साठी दिन भित्र प्रस्तावकलाई क्षतिपूर्ति रकम भराउन प्रतिवेदन पेश गर्ने परामर्शदातालाई आदेश दिनु पर्नेछ ।

७. <u>वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने:</u> (१) प्रस्तावकले नियम ५ बमोजिम स्वीकृत भएको कार्यसूचीका आधारमा संक्षिप्त वातावरणीय अध्ययनको लागि अनुसूची-११, प्रारम्भिक वातावरणीय परीक्षणको लागि अनुसूची-१२ र कार्यसूची र क्षेत्र निर्धारणका आधारमा वातावरणीय प्रभाव मूल्याङ्कनको लागि अनुसूची-१३ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रतिवेदन तयारीको सिलसिलामा वातावरणीय अध्ययन गर्नु पर्ने प्रस्तावको सम्वन्धमा प्रस्ताव कार्यान्वयन हुने स्थानीय तह तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट पर्न सक्ने प्रभावको सम्वन्धमा दश दिन भित्र लिखित सुझाव दिनको लागि सम्वन्धित स्थानीय तह तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थामा अनुसूची-१४ मा तोके बमोजिमको सूचना टाँस गरी अनुसूची-१५ बमोजिमको ढाँचामा मुचुल्का तयार गर्नु पर्नेछ र सोही बमोजिमको दश दिने सूचना राष्ट्रिय दैनिक वा स्थानीय पत्रिकामा समेत प्रकाशन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूचना प्रकाशित भएपछि सो सम्वन्धमा कसैको राय सुझाव भए त्यसरी सूचना प्रकाशन भएको मितिले दश दिन भित्र सम्वन्धित प्रस्तावक वा सूचनामा उल्लेखित सम्वन्धित निकायलाई आफ्नो राय सुझाव दिन सकिने छ । सो सम्वन्धमा कुनै राय सुझाव प्राप्त हुन आएमा उक्त राय सुझाव समेतलाई प्रतिवेदनमा सम्बोधन गर्नु पर्नेछ ।

(४) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्ताव कार्यान्वयन हुने प्रभावित क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव संकलन गर्नु पर्नेछ । प्रतिवेदनमा त्यस्तो सार्वजनिक सुनुवाईको उपस्थिति र



सञ्जीव कुमार
प्रदेश सचिव

निर्णयको अभिलेख, तस्विर तथा श्रव्यदृष्य सामग्री संलग्न गर्नु पर्नेछ । सार्वजनिक सुनुवाई गर्दा प्रस्तावकले प्रभावित हुने स्थानीय समुदाय, आदिवासी जनजाती, धार्मिक समुदाय, वन उपभोक्ता समूह र स्थानीय तहका निर्वाचित पदाधिकारीलाई समेत सहभागी गराउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम सार्वजनिक सुनुवाईको आयोजना गर्दा प्रस्तावको कार्यान्वयनबाट सवभन्दा बढी प्रभावित हुने जोखिममा रहेका जनसमुदायको आवाज आउन नसक्ने अवस्थाको सिर्जना भएमा लक्षित समूह छलफल समेत गर्नु पर्नेछ । प्रस्तावकले विकास आयोजनाले समेट्ने क्षेत्रको आधारमा एकभन्दा बढी स्थानमा समेत सार्वजनिक सुनुवाईको आयोजना गर्नु पर्नेछ । प्रस्तावकले प्रस्तावको वातावरणीय प्रभावको विषयमा सार्वजनिक सुनुवाईको समय, स्थान र विषयमा प्रचारप्रसार गर्न स्थानीय सञ्चार माध्यम (पत्रिका, रेडियो, एफ.एम., सार्वजनिक सूचना टाँस) को प्रयोग गर्नु पर्नेछ ।

(६) संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने कुनै प्रस्तावको हकमा कार्यसूची स्वीकृत भएको र वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने कुनै प्रस्तावको हकमा क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत भई सकेको दुई बर्षभित्र सो सम्वन्धी प्रतिवेदन तयार गरी स्वीकृतिको लागि मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम तोकिएको दुई बर्षको समयावधिमा प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन पेश हुन नसकेमा प्रतिवेदन पेश गर्न नसक्नुको कारण र आधार समेत खोली प्रस्तावकले पुनः म्याद थपको लागि निवेदन दिएमा मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले एक वर्षको अवधी थप गरिदिन सक्नेछ ।

(८) कुनै प्रस्तावको क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची स्वीकृत भई वातावरणीय मूल्याङ्कन प्रतिवेदन पेश भई नसकेको अवस्थामा त्यस्तो प्रस्तावको प्रभावित क्षेत्र बाहेक कुनै विषयमा परिवर्तन हुने भएमा परिवर्तन हुने विषय र त्यस्को प्रभावलाई समेत प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन गर्नु पर्नेछ र त्यसरी थप गरिएको विषयवस्तु समेत समावेश गरी क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची समेत संशोधन गरी वातावरणीय अध्ययन प्रतिवेदन साथ पेश गर्नु पर्नेछ ।

८. <u>प्रतिवेदन स्वीकृतिको लागि पेश गर्नुपर्ने:</u> (१) मन्त्रालयको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्वन्धित प्रस्ताव भए स्वीकृत क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूचीका आधारमा नियम ७ बमोजिम तयार भएको प्रतिवेदन स्वीकृतिका लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) मन्त्रालय बाहेकका अन्य मन्त्रालय वा निकायको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्वन्धित प्रस्ताव भए सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले स्वीकृत गरेको कार्यसूचीका आधारमा आधारमा नियम ७ बमोजिम तयार भएको प्रतिवेदन स्वीकृतिका लागि सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ ।



सञ्जीव कुमार राई
प्रदेश सचिव

(३) उपनियम (२) बमोजिम सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायमा प्राप्त भएको प्रतिवेदन अनुसूची-३ सँग सम्वन्धित भए सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले ऐन र यस नियमावलीमा तोकिएको प्रकृया पूरा स्वीकृतिका लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्वन्धित प्रस्ताव भए स्वीकृत क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूचीका आधारमा आधारमा नियम ७ बमोजिम तयार भएको प्रतिवेदन स्वीकृतिका लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम मन्त्रालयमा प्राप्त भएको प्रतिवेदन अनुसूची-१ र अनुसुची-२ सँग सम्वन्धित भए मन्त्रालयले स्वीकृतिका लागि सम्वन्धित मन्त्रालय वा निकायमा पठाउनु पर्नेछ ।

(६) यस नियम बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायमा स्वीकृतिका लागि पेश गर्दा सार्वजनिक सुनुवाई सम्पन्न भएको मिति पश्चात देहाय बमोजिमका कागजात संलग्न राखी पेश पर्नेछः

(क) नियम ७ को उपनियम (२) बमोजिमको सूचना टाँसको कागजात, बमोजिमको सूचना टाँसको मुचुल्का र सूचना प्रकाशित राष्ट्रिय दैनिक तथा स्थानीय दैनिक पत्रिका,

(ख) सूचना उपर कसैको राय सुझाव प्राप्त भएको भए वा नभएको सम्वन्धमा जानकारी गराएको कागजात,

(ग) नियम ७ को उपनियम (४) बमोजिम सार्वजनिक सुनुवाई भएको प्रमाणित गर्ने कागजात र निर्णय सहितको अनुसूची-४ बमोजिमको प्रतिवेदन,

(घ) संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन भए स्वीकृत कार्यसूचीको प्रतिलिपी र वातावरणीय प्रभाव मूल्याङ्कन भए स्वीकृत कार्यक्षेत्रगत प्रतिवेदन र कार्यसूचीको प्रतिलिपी,

(ङ) वातावरणीय अध्ययन प्रतिवेदन तयारीमा संलग्न रहेका विषयविज्ञको योग्यता प्रमाणित गर्ने प्रमाणित कागजात सहितको बैयत्तिक विवरण,

(च) वातावरणीय अध्ययन प्रतिवेदन तयारीमा संलग्न रहेका विज्ञहरुको हस्ताक्षर भएको परामर्शदाताको Declaration पत्र,

(छ) अनुसूची-१६ बमोजिमको ढाँचामा सम्वन्धित स्थानीय तह र सरोकार राख्ने विषयगत कार्यालयको सिफारिश पत्र ।

९. <u>अध्ययन प्रतिवेदन स्वीकृत गर्ने:</u> (१) मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायमा नियम ८ बमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएमा नियम ४३

को उपनियम (१) को खण्ड (क) बमोजिम गठित समितिले ऐनको दफा ९ बमोजिम जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा प्रतिकूल प्रभाव पार्ने नदेखिएमा संक्षिप्त वातावरणीय अध्ययन मात्र गरे हुने प्रस्तावको सम्वन्धमा ऐनको दफा ९ को उपदफा (४) मा तोकिएको अवधिमा मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायमा स्वीकृतिको लागि सिफारिश गर्नेछ र त्यसरी सिफारिश प्राप्त भएमा तत्काल मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले प्रतिवेदन स्वीकृत गर्नु पर्नेछ ।

(२) मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायमा नियम ८ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन प्राप्त भएमा नियम ४३ को उपनियम (१) को खण्ड (क) बमोजिम गठित समितिले ऐनको दफा ९ बमोजिम जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा प्रतिकूल प्रभाव पार्ने नदेखिएमा प्रारम्भिक वातावरणीय परीक्षण मात्र गरे हुने प्रस्तावको सम्वन्धमा ऐनको दफा ९ को उपदफा (४) मा तोकिएको अवधिमा मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायमा स्वीकृतिको लागि सिफारिश गर्नेछ र त्यसरी सिफारिश प्राप्त भएमा तत्काल मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले प्रतिवेदन स्वीकृत गर्नु पर्नेछ ।

(३) सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकाय तथा स्थानीय तह वा मन्त्रालयको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्वन्धित नियम ८ बमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन मन्त्रालयमा प्राप्त भएमा त्यस्तो प्रतिवेदनका सम्वन्धमा राय सुझाव लिनका लागि मन्त्रालयले राष्ट्रिय स्तरको कुनै एक दैनिक समाचारपत्र र वेबसाइटमा सार्वजनिक सूचना प्रकाशन गरी त्यस्तो प्रतिवेदन आफैले उतार गरी लैजान वा अध्ययन गर्नको लागि सर्वसाधारणलाई दश दिनको समय दिनु पर्नेछ । प्रकाशित सूचना बमोजिमको प्रतिवेदनका सम्वन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय सुझाव भएमा त्यसरी सूचना प्रकाशन भएको मितिले दश दिनभित्र सम्वन्धित व्यक्ति वा संस्थाले आफ्नो राय सुझाव सूचना मन्त्रालयमा पठाइ सक्नु पर्नेछ ।

(४) प्रस्ताव बमोजिमको क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची स्वीकृतिको लागि मूल्याङ्कन गरी मन्त्रालयमा सिफारिश गर्न नियम ४३ को उपनियम (१) को खण्ड (ख) बमोजिम गठन भएको सम्वन्धित समितिले उपनियम (३) बमोजिमको प्रतिवेदनका सम्वन्धमा आवश्यक देखेमा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत निरीक्षण, अवलोकन र अनुगमन गरी आवश्यक तथ्याङ्क संकलन गरेर प्रस्ताव उपर आवश्यक सुझाव दिन सक्नेछ र त्यसरी जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा प्रतिकूल प्रभाव पार्ने नदेखिएमा ऐनको दफा ९ को उपदफा (४) मा तोकिएको अवधिमा मन्त्रालयमा स्वीकृतिको लागि सिफारिश गर्नेछ र त्यस्तो सिफारिशका आधारमा मन्त्रालयले तत्काल प्रतिवेदन स्वीकृत गर्नु पर्नेछ ।



संजीव कुमार शर्मा
प्रदेश सचिव

(५) ऐनको दफा ९ को उपदफा (५) बमोजिम तोकिएको अवधिभित्र विशेष कारण परी प्रतिवेदन स्वीकृत गर्न नसकेमा आधार र कारण खुलाई त्यस्तो समय समाप्त भएको मितिले पन्ध्र दिन भित्र प्रतिवेदन स्वीकृत गर्नेछ ।

(६) उपनियम (४) वा उपनियम (५) बमोजिम स्वीकृत भएको प्रतिवेदनको कार्यान्वयनको लागि तत्कालै सम्वन्धित प्रस्तावकलाई लिखित जानकारी दिनु पर्नेछ ।

(७) मन्त्रालय बाहेकका अन्य मन्त्रालय वा निकाय वा स्थानीय तहबाट प्राप्त भएको भए उपनियम (४) वा उपनियम (५) बमोजिम स्वीकृत भएको प्रतिवेदनको कार्यान्वयनका लागि तत्कालै सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकाय वा सम्वन्धित स्थानीय तहलाई लिखित जानकारी दिनु पर्नेछ ।

१०. <u>व्यवस्थापन योजना सम्वन्धी व्यवस्था:</u> संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेखित वातावरणीय व्यवस्थापन योजनाको कार्यान्वयनको सम्वन्धमा प्रस्तावकले हरेक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्रमा मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ ।

११. <u>पूरक वातावरणीय अध्ययन गर्नुपर्ने:</u> (१) ऐनको दफा ११ को उपदफा (३) बमोजिम पूरक वातावरणीय अध्ययनको लागि मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले देहायको अवस्थामा त्यस्तो प्रस्तावको पूरक वातावरणीय अध्ययन गर्न अनुमति दिन सक्नेछ:

(क) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार, डिजाइन वा स्वरुपमा केही परिमार्जन वा परिवर्तन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु पर्ने भएमा,

तर, आयोजनाको लागत बृद्धि गर्दा, आयोजनाको भौतिक पूर्वाधार, डिजाइन वा स्वरुपमा परिमार्जन वा परिवर्तन, क्षमता वा उद्देश्य थप नहुने अवस्था भएमा पूरक वातावरणीय अध्ययन प्रतिवेदन गर्नुपर्ने छैन ।

(ख) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित वन क्षेत्रको दश प्रतिशत सम्म क्षेत्र थप हुने भएमा वा जैविक विविधताको हिसावले महत्वपूर्ण क्षेत्रमा पर्ने भएमा,

तर, दश प्रतिशत भन्दा बढी वन क्षेत्र थप गर्नु पर्ने भएमा वा रुख कटान गर्नु पर्ने भएमा पुनः वातावरणीय अध्ययन गर्नु पर्नेछ।

सञ्जीव कुमार राई
प्रदेश सचिव

(ग) अन्य परिवर्तित संरचना वा एकाईको कारणले एक सय जना सम्म जनसंख्याको स्थायी बसोबास स्थानान्तरण वा पुनर्वास गर्नुपर्ने अवस्था भएमा,

तर, अन्य परिवर्तित संरचना वा एकाईको कारणले एक सय जना भन्दा बढी जनसंख्याको स्थायी बसोबास, स्थानान्तरण वा पुनर्वास गर्नु पर्ने अवस्थामा तथा आयोजनाको प्रभावित क्षेत्र परिवर्तन भएमा पुनः वातावरणीय अध्ययन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रस्तावकले पूरक वातावरणीय अध्ययनका लागि अनुमति प्राप्त गरेमा वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा क्षेत्र निर्धारण र कार्यसूची, संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षणको हकमा कार्यसूची संशोधन गराई स्वीकृतिको लागि पेश गर्दा ऐन तथा यस नियमावलीले तोके बमोजिमको अन्य सबै प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(३) प्रस्तावकले उपनियम (२) बमोजिम क्षेत्र निर्धारण र कार्यसूची स्वीकृतिका लागि पेश गर्दा संशोधन गर्नु पर्ने विषयवस्तुको अध्ययन गरी सोको संशोधित क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची मात्र पेश गर्नु पर्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोजना कार्यान्वयनको क्रममा रुख कटान संख्या थप गर्नु पर्ने भएमा मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्बन्धित निकायले त्यस्तो प्रस्तावको नियम १० बमोजिमको वातावरणीय व्यवस्थापन योजना स्वीकृति गर्नु पर्नेछ ।

१२. प्रतिवेदनको पालना गर्नुपर्ने: (१) प्रस्तावकले स्वीकृत प्रतिवेदन अनुसार प्रस्ताव कार्यान्वयन गर्दा प्रतिवेदनमा उल्लेख भए बमोजिमको विषय र मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले तोकेको शर्त अनिवार्य रुपले पालना गर्नु पर्नेछ ।

(२) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको मितिले बढीमा दुई बर्षभित्र प्रस्ताव कार्यान्वयन प्रारम्भ गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र प्रस्ताव कार्यान्वयन प्रारम्भ हुन नसक्ने अवस्था भएमा प्रस्तावकले आधार र कारण खोली वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने मन्त्रालय वा सम्वन्धित निकाय समक्ष लिखित निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निवेदन प्राप्त भएमा औचित्यताको आधारमा मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित नियकाले दुई बर्ष अवधि थप गर्न सक्नेछ ।



राजीव कुमार राई
प्रदेश सचिव

परिच्छेद -३

प्रदुषणको रोकथाम तथा नियन्त्रण सम्बन्धी व्यवस्था

१३. प्रदुषण नियन्त्रण सम्वन्धी व्यवस्थाः (१) प्रदुषण नियन्त्रणका सम्वन्धमा ऐनको दफा १५ बमोजिम प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरेको तोकेको मापदण्डका अतिरिक्त निम्न व्यवस्थाहरु अबलम्बन गर्नु पर्नेछः

(क) प्रदुषण नियन्त्रणका लागि मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै स्थान विशेष तोकी निश्चित पदार्थ, इन्धन, औजार, यन्त्र वा उपकरणको प्रयोग वा वातावरणमा प्रतिकूल प्रभाव पार्ने अन्य कृयाकलापहरुमा रोक लगाउन सक्नेछ ।

(ख) मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै निश्चित पदार्थको आयात तथा प्रयोगमा परिमाणात्मक बन्देज समेत लगाउन सक्नेछ ।

(ग) प्रदुषण न्यूनीकरण गर्न सघाउ पुऱ्याउने वैकल्पिक पदार्थ, इन्धन, औजार, यन्त्र वा उपकरणको प्रयोगका लागि मन्त्रालयले आवश्यक कारवाही गर्न सक्नेछ ।

(घ) फोहोरमैला नियन्त्रणका सम्वन्धमा स्थानीय तहले फोहोरमैलाको प्रकृति अनुसार कुहिने, पुनः प्रयोग गर्न सकिने, पुनः चक्रण गर्न सकिने र जोखिमपूर्ण पदार्थको रुपमा वर्गीकरण गरी त्यसको उचित व्यवस्थापन गर्नु पर्नेछ ।

(ङ) कुनै व्यक्ति, संस्था वा उद्योगले ऐन वा यस नियमावलीमा तोकिएको शर्त वा मापदण्ड विपरित फोहोरमैला निष्कासन नगर्न सूचना वा निर्देशन गर्दा पनि फोहोरमैला निष्कासन गरेको कारणले जनस्वास्थ्य तथा वातावरणमा प्रतिकूल प्रभाव पर्न गएमा प्रदेश सरकार वा स्थानीय तहले आफ्नै खर्चमा त्यस्तो फोहोरमैला हटाउनु पर्नेछ ।

(च) खण्ड (ङ) बमोजिम प्रदेश सरकार वा स्थानीय तहले कुनै ठाउँबाट फोहोरमैला हटाउँदा लागेको खर्चमा पचास प्रतिशत रकम थप गरी त्यस्तो फोहोरमैला निष्कासन गर्ने व्यक्ति, संस्था वा उद्योगसँग प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गर्नेछ ।



सञ्जीव कुमार राई
प्रदेश सचिव

(२) ऐनको दफा १६ को उपदफा (२) बमोजिमको व्यवस्था कार्यान्वयन गर्नु सम्बन्धित सरोकारवालाको कर्तव्य हुनेछ र सरोकारवालाले उक्त व्यवस्था कार्यान्वयन नगरेको पाइएमा अधिकार प्राप्त अधिकारीलाई प्रचलित कानून बमोजिम कारवाही गर्न बाधा पुगेको मानिने छैन ।

१४. <u>जोखिमपूर्ण पदार्थको ओसारपसार:</u> (१) जोखिमपूर्ण पदार्थको संकलन, प्रशोधन, भण्डारण र ओसारपसारको आधार र मापदण्ड मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम जोखिमपूर्ण पदार्थ ओसारपसार र विसर्जनको आधार र मापदण्ड तयार गर्दा बासेल महासन्धीमा उल्लेखित प्रावधानहरुको विपरित तोक्न पाइने छैन ।

१५. <u>जोखिमपूर्ण पदार्थको व्यवस्थापन:</u> (१) जोखिमपूर्ण पदार्थको संकलन, भण्डारण, प्रशोधन, विक्री वितरण, विसर्जन, ओसारपसार गर्ने व्यक्ति वा संस्थाले सो कार्य गर्नुपूर्व मन्त्रालयबाट अनुमति लिनु पर्नेछ र सोका लागि अनुसूची-१७ मा उल्लेख भए बमोजिमको ढाँचामा फारम भरी निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पेश हुन आएमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी अनुमति दिन उपयुक्त देखिएमा आवश्यक शर्तहरु तोकी अनुसूची-१८ मा उल्लेख भए बमोजिमको ढाँचामा अनुमतिपत्र प्रदान गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दिइने अनुमति पत्रको म्याद दुई बर्षको हुनेछ र सो अवधि सकिए पश्चात व्यक्ति वा संस्थाले नवीकरणका लागि मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(४) अनुमति लिई जोखिमपूर्ण पदार्थको संकलन, भण्डारण, प्रशोधन, बिक्री वितरण, विसर्जन वा ओसारपसार गर्ने व्यक्ति वा संस्थाले अनुसूची-१९ मा तोकिए बमोजिमको ढाँचामा विवरण तयार गरी प्रत्येक आर्थिक बर्ष सकिएको तीस दिनभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(५) अनुमति प्राप्त व्यक्ति वा संस्थाले तोकिएको शर्तहरुको पालना नगरेको वा जोखिमपूर्ण पदार्थको व्यवस्थापन नगरेको पाइएमा मन्त्रालयले उक्त व्यक्ति वा संस्थालाई व्यवस्थापन गर्न आदेश दिन सक्नेछ र सो आदेशको पालना समेत नगरेको अवस्थामा सो व्यक्ति वा संस्थालाई ऐन बमोजिमको जरिवाना गरी उपनियम (२) बमोजिम दिइएको अनुमति पत्र मन्त्रालयले खारेज गर्न सक्नेछ ।

(६) जोखिमपूर्ण पदार्थलाई विसर्जन गर्नुपूर्व त्यस्तो जोखिमपूर्ण पदार्थको प्रयोग गर्ने व्यक्ति वा संस्थाले मानव स्वास्थ्य, जीवजन्तु, वातावरणमा असर नपर्ने गरी भण्डारण गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम भण्डारण भएका जोखिमपूर्ण पदार्थको वर्गीकरण तथा विसर्जनका आधार र मापदण्ड मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोक्नेछ ।

१६. <u>प्रयोगशालाको संचालन र व्यवस्थापन:</u> (१) ऐनको दफा २० बमोजिम प्रदेशमा वायू, जल, जमिन, ध्वनी प्रदुषण नियन्त्रण सम्वन्धी जाँच तथा परीक्षण गर्न प्रयोगशालाको स्थापना गरिनेछ ।त्यसरी स्थापना गरिने प्रयोगशाला एकीकृत प्रयोगशालाको अवधारणा बमोजिम स्थापना गरिनेछ ।

(२) उपनियम (१) बमोजिम स्थापना भएको प्रयोगशाला कार्य संचालन विधि (Standard Operating Procedure) तयार गरी संचालन गर्नु पर्नेछ । प्रयोगशालाको संचालन तथा व्यवस्थापन सम्वन्धी अन्य व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिम प्रदेश सरकारले प्रयोगशालाको स्थापना नगरे सम्म नेपाल सरकारले मान्यता दिएको प्रदेशको कुनै प्रयोगशालालाई मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोक्न सक्नेछ ।

(४) कुनै प्रदुषण जाँच गर्ने प्रविधि प्रदेश भित्र वा देशभित्र उपलब्ध हुन नसकेमा वा आवश्यक परेमा मन्त्रालयले नेपाल सरकारको अनुमति लिई विदेश स्थित मान्यताप्राप्त प्रयोगशालाबाट त्यस्तो प्रदुषणको जाँच गराउन सक्नेछ।

(५) नेपाल सरकारको मान्यता प्राप्त प्रयोगशाला वा प्रदेश सरकारले स्थापना गरेको प्रयोगशालाले कुनै प्रदुषण जाँच गर्न नसक्ने भएमा नेपाल सरकारले मान्यता दिएको कुनै पनि प्रयोगशालाबाट वा नेपाल भित्र प्रदुषणको जाँच गर्न सम्भव नहुने देखिएमा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायमा सोको जानकारी गराउनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम जानकारी प्राप्त भएमा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले नेपाल सरकार समक्ष अनुमति लिनका लागि मन्त्रालय समक्ष अनुरोध गरेमा मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय मार्फत नेपाल सरकारको अनुमति लिई विदेश स्थित मान्यता प्राप्त प्रयोगशालाबाट त्यस्तो प्रदुषणको जाँच गराउन अनुमति दिन सक्नेछ।

१७. <u>अर्को प्रयोगशालाबाट जाँच गराउन सकिने:</u> मान्यता प्राप्त एउटा प्रयोगशालाबाट जाँच भएको प्रदुषणको नमूनाका सम्वन्धमा मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले पुनःजाँच गर्न आवश्यक ठानेमा आवश्यकता अनुसार अर्को प्रयोगशालाबाट वा नेपाल सरकारको अनुमतिमा विदेश स्थित मान्यता प्राप्त प्रयोगशालाबाट समेत परीक्षण गराउन सक्नेछ ।

प्रमुख सचिव

१८. <u>प्रयोगशालाबाट गरिएको परीक्षण नतिजा प्रकाशन गर्न सक्ने:</u> मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले यस नियमावली बमोजिम मान्यता प्राप्त प्रयोगशालाबाट जाँच गराएको प्रदुषणको नमूना परीक्षण नतिजा प्रकाशन गर्न सक्नेछ ।

१९. <u>प्रयोगशालाको सूची अद्यावधिक राख्नु पर्ने:</u> मन्त्रालयले सरकारी, निजी तथा गैरसरकारी क्षेत्रमा स्थापना भएका प्रयोगशालाको सूची तयार गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ र त्यस्तो सूची अद्यावधिक गर्ने मन्त्रालयले कुनै वा सबै स्थानीय तहलाई लेखी पठाउन सक्नेछ।

२०. <u>नमूना संकलन, अध्ययन, जाँच, परीक्षण वा विश्लेषण सम्वन्धी व्यवस्था:</u> (१) मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले कुनै उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता यान्त्रिक उपकरण वा अन्य कुनै किसिमबाट उत्सर्जन वा निष्कासन हुने वा हुन सक्ने प्रदुषण तथा फोहोरमैलाको स्थिति यकिन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्य सम्पादनको लागि सञ्चालित उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता यान्त्रिक उपकरणहरु वा अन्य कुनै किसिमबाट उत्सर्जन वा निष्कासन हुने वा हुन सक्ने प्रदुषण तथा फोहोरमैलाको नमूना संकलन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले संकलन गरेको नमूना नियम १६ को उपनियम (१) र (३) बमोजिम तोकिएका प्रयोगशालाबाट परीक्षण गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) नमूनाको परीक्षण र विश्लेषण पश्चात सोको नतिजा अद्यावधिक गर्ने व्यवस्था मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले मिलाउनु पर्नेछ ।

(५) नमूना परिक्षणको नतिजा संवेदनशिलताको आधारमा प्रकाशन, प्रसारण समेत गर्न सकिनेछ ।

(६) मन्त्रालयले प्रत्येक दुई बर्षमा प्रदेशको वातावरणीय अवस्थाको अध्ययन गरी सोको प्रतिवेदन प्रकाशन गर्नु पर्नेछ ।

२१. <u>प्रदूषण नियन्त्रण प्रमाणपत्र सम्वन्धी व्यवस्था:</u> (१) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई संचालनमा रहेका उद्योगले ऐनको दफा २५ बमोजिम प्रदुषण नियन्त्रण प्रमाण पत्र प्राप्त गर्नको लागि उद्योगको बिस्तृत कार्य प्रकृया, प्रदुषणका स्रोतहरु तथा प्रदुषण नियन्त्रणका लागि अपनाइएका उपायहरु सम्वन्धी विवरण तयार गरी मन्त्रालयमा आवेदन दिनु पर्नेछ ।

तर, वातावरणीय अध्ययन गर्नु नपर्ने उद्योगहरुले समेत प्रदुषण नियन्त्रण प्रमाणपत्र लिन चाहेमा आवेदन दिन सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम आवेदन गर्दा त्यस्तो उद्योगबाट निष्कासन हुने फोहोरपानी, धुवाँधुलो तथा ध्वनी पछिल्लो तीन महिनाभित्र परीक्षण गरी तयार गरिएको



प्रदेश सचिव

प्रतिवेदन समेत संलग्न गर्नु पर्नेछ र यसरी परीक्षण गर्दा प्रदेश सरकारले लागू गरेका प्रदुषण नियन्त्रण सम्वन्धी सवै प्रकारका मापदण्डको पालना गरेको हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम आवेदन प्राप्त भए पश्चात जाँचबुझ गर्नको लागि मन्त्रालयले एक टोली गठन गरी वा मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकाय मातहत रहेका जिल्लास्थित सम्वन्धित कार्यालयलाई उद्योगको स्थलगत अनुगमन गर्न लगाई त्यस्तो उद्योगले प्रदुषण नियन्त्रण गरेको वा नगरेको जाँचबुझ गर्नु पर्नेछ । जाँचबुझको क्रममा टोलीले आवश्यकता बमोजिम उद्योगबाट निष्कासन भएको फोहोरपानी, धुँवा, धुलो तथा ध्वनी तथा अन्य किसिमको प्रदुषणको मात्रा पुनः परीक्षण गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम स्थलगत अनुगमन पश्चात उद्योगको संचालनबाट वातावरणमा प्रतिकूल असर परेको वा नपरेको सम्बन्धमा मन्त्रालयमा यकिन रायसहित प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको प्रतिवेदनका आधारमा मन्त्रालयले त्यस्तो उद्योगलाई सशर्त वा निशर्त तीन वर्ष अवधिको लागि अनुसूची-२० बमोजिमको प्रदुषण नियन्त्रण प्रमाणपत्र उपलब्ध गराउन सक्नेछ ।

(६) प्रदुषण नियन्त्रण प्रमाणपत्र प्राप्त गरेका उद्योगले प्रदुषण नियन्त्रण प्रमाण पत्र प्राप्त गरेको मितिले हरेक छ/छ महिनामा फोहोर पानी, धुवाँ, धुलो तथा ध्वनी तथा अन्य किसिमको प्रदुषण मापन गरी मन्त्रालय समक्ष परीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिमको परीक्षण प्रतिवेदनमा प्रदुषणको मात्रा तोकिएको मापदण्ड भन्दा बढी भएको पाइएमा त्यस्तो उद्योगले तीन महिनाभित्र आवश्यक सुधार गरी तोकिएको मापदण्ड भित्र ल्याउनु पर्नेछ र सोको परिक्षण प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(८) उपनियम (६) र (७) बमोजिम परीक्षण प्रतिवेदन पेश नगरेमा वा उपनियम (७) बमोजिम तीन महिना पश्चात पनि प्रदुषणको मात्रा तोकिएको मापदण्ड भन्दा बढी पाइएमा वा कुनै पनि समय उद्योगले मापदण्डको उल्लङ्घन गरी वातावरणमा असर परेको पाइएमा त्यस्तो उद्योगले प्राप्त गरेको प्रदुषण नियन्त्रण प्रमाणपत्र मन्त्रालयले खारेज गर्न सक्नेछ ।

(९) प्रदुषण नियन्त्रण प्रमाण पत्रको म्याद समाप्त भए पश्चात उद्योगले ऐन र यस नियम बमोजिमको प्रकृया अपनाई पुनः प्रदुषण नियन्त्रण प्रमाण पत्र प्राप्त गर्न सक्नेछ ।

(१०) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका उद्योगलाई निश्चित समयसीमा तोकी प्रदुषण नियन्त्रण प्रमाण पत्र अनिवार्य गर्न सक्नेछ ।

(११) यस नियम बमोजिम प्रदुषण नियन्त्रण प्रमाणपत्र प्राप्त गरेका उद्योगको विवरण मन्त्रालयले अद्यावधिक रुपमा राख्नु पर्नेछ ।



सञ्जीव कुमार राई
प्रदेश सचिव

(१२) प्रदुषण नियन्त्रण प्रमाण पत्र प्राप्त गरेका उद्योगले आफूले गर्ने प्रचारप्रसारमा प्रदुषण नियन्त्रण प्रमाण पत्रको विषयलाई समेत समावेश गर्न पाउनेछ ।

(१३) प्रदुषण नियन्त्रण प्रमाण पत्रका सम्बन्धमा मन्त्रालयले विशेष लोगो तयार गरी प्रयोगको इजाजत दिन सक्नेछ ।

२२. <u>वातावरण निरीक्षक सम्बन्धी अन्य व्यवस्था:</u> (१) ऐनको दफा २७ को उपदफा (१) को अतिरिक्त वातावरण निरीक्षकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वातावरण निरीक्षकले ऐनको दफा २७ को उपदफा (२) बमोजिम जाँचबुझको सिलसिलामा ऐन वा यस नियमावली विपरीत भए गरेको कुनै काम कारवाही तुरुन्त रोक्का गर्नु पर्ने भएमा सम्भव भएसम्म मन्त्रालय र सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायको अनुमति लिई रोक्का गर्नु पर्नेछ र त्यसरी अनुमति लिन सम्भव नभएमा त्यस्तो काम कारवाही रोक्का राखी सो कुराको जानकारी अविलम्ब मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायलाई दिनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम वातावरण निरीक्षकले कुनै काम कारवाही रोक्का राख्नु परेको वा राखेको जानकारी प्राप्त भएमा मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले सो सम्बन्धमा तुरुन्त जाँचबुझ गर्न लगाई उपयुक्त आदेश दिनु पर्नेछ ।

(ग) वातावरण निरीक्षकले निरीक्षण गरिसकेपछि निरीक्षणमा देखिएका कुराहरुको विस्तृत विवरण सहित जाँचबुझ प्रतिवेदन मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायमा उपलब्ध गराउनु पर्नेछ ।

२३. <u>सुरक्षा निकायको सहयोग लिन सक्ने:</u> निरीक्षणको सिलसिलामा कसैले वातावरण निरीक्षकलाई बाधा विरोध गरेमा वा निरीक्षण गर्न बल प्रयोग गर्नु पर्ने भएमा वातावरण निरीक्षकले सुरक्षा निकायको सहयोग लिन सक्नेछ ।

## परिच्छेद - ४

## <u>जलवायू परिवर्तन सम्वन्धी व्यवस्था</u>

२४. <u>जानकारी उपलब्ध गराउनु पर्ने:</u> (१) जलवायू परिवर्तनको अवस्था र यसका असर तथा जोखिमका विषयमा मन्त्रालयले हरेक पाँच/पाँच बर्षमा प्रादेशिक प्रतिवेदन प्रकाशित गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रादेशिक प्रतिवेदन तयार गर्नका लागि आवश्यक सूचना तथा तथ्याङ्क सम्वन्धित विषयगत मन्त्रालय वा निकायले मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

सञ्जीव कुमार राय
प्रदेश सचिव

प्रमुख सचिव

(३) उपनियम (१) बमोजिम प्रकाशित प्रतिवेदनको आधारमा नेपाल सरकारको सहयोगमा प्रदेश सरकार र स्थानीय तहले जलवायू परिवर्तन व्यवस्थापन सम्वन्धी योजना तर्जुमा र प्राथमिकीकरण गर्न सक्नेछ ।

(४) जलवायू परिवर्तन न्यूनीकरण तथा अनुकूलन सम्वन्धी भए गरेका कार्यको वार्षिक रुपमा स्थानीय तहले मन्त्रालयलाई र मन्त्रालयले नेपाल सरकारको वातावरण हेर्ने मन्त्रालयलाई प्रगति विवरण उपलब्ध गराउनु पर्नेछ ।

(५) यस नियम बमोजिम गैरसरकारी तथा अन्य कुनै संघ संस्थाले जलवायू परिवर्तन न्यूनीकरण तथा अनुकूलन सम्वन्धी भए गरेका कामको विवरण मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ ।

२५. <u>अनुकूलन योजना बनाउन सक्नेः</u> मन्त्रालयले स्थानीय तहसँगको सहकार्यमा अनुकूलन योजना बनाई हरेक दश बर्षमा तर्जुमा तथा अद्यावधिक गर्नु पर्नेछ ।

२६. <u>न्यूनीकरणका कार्यहरु गर्नु पर्नेः</u> (१) सम्वन्धित विषयगत मन्त्रालयको समन्वयमा हरितगृह ग्याँस उत्सर्जन गर्ने यातायात, ऊर्जा, उद्योग, कृषि, वन तथा भू उपयोग लगायतका क्षेत्र र फोहोरमैलाको आधार तह तयार गरी प्रत्येक दश/दश बर्षमा मन्त्रालयले अद्यावधिक गर्नु पर्नेछ ।

(२) ऐनको दफा ३० को अतिरिक्त देहाय बमोजिमका न्यूनीकरणका कार्य मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले गर्नु पर्नेछः

(क) हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरणका लागि स्वच्छ ऊर्जा, विद्युतीय यातायत र ऊर्जा किफायती प्रविधिको प्रयोगमा प्राथमिकता दिनु पर्नेछ ।

(ख) ऊर्जा, उद्योग, कृषि, वन तथा भू-उपयोग र फोहोरमैलाबाट हुने हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्ने कार्यहरु गर्नु पर्नेछ ।

(ग) हरितगृह ग्याँस उत्सर्जनका सवै स्रोतहरुमा उत्सर्जन न्यूनीकरणका आवश्यक व्यवस्थाहरु लागू गर्न मन्त्रालयले मापदण्ड जारी गर्नु पर्नेछ ।

(घ) नियम २५ बमोजिमका अनुकूलनका योजनाहरुमा समेत हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण कार्यक्रमहरुलाई प्राथमिकता दिई प्रभावकारी रुपमा कार्यान्वयन गराउनु पर्नेछ ।

(ङ) हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरणका लागि नेपाल सरकारले प्रतिवद्धता जनाएका अन्तर्राष्ट्रिय महासन्धी, सन्धी, अभिसन्धी, सम्झौताको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

सञ्जीव कुमार राय
प्रदेश सचिव

२७. <u>कार्बन व्यापारमा भाग लिन सक्ने:</u> (१) कार्वन व्यापारमा भाग लिन प्रदेश सरकारले नेपाल सरकारले जारी गरेको प्रचलित कानून, कार्यविधि, निर्देशिका र मापदण्डले निर्धारण गरेको प्रकृया अपनाई कार्वन व्यापारमा भाग लिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्वन व्यापारमा भाग लिदा कार्वन व्यापारबाट प्राप्त हुने रकमको पाँच प्रतिशत रकम कोषमा जम्मा गर्नु पर्नेछ।

## परिच्छेद - ५

## <u>राष्ट्रिय सम्पदा, जैविक विविधताको संरक्षण तथा वातावरण संरक्षण क्षेत्र सम्वन्धी व्यवस्था</u>

२८. <u>राष्ट्रिय सम्पदाको अभिलेख तथा संरक्षण:</u> (१) ऐनको दफा ३३ बमोजिम सरोकारवाला निकायले अभिलेखमा समावेश गर्ने वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदि उल्लेख गरी सर्वसाधारणको जानकारीको लागी सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रकाशित सूचनामा उल्लेख भएका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदिको सम्वन्धमा कसैको कुनै राय प्रतिक्रिया भए त्यस्तो सूचना प्रकाशन भएको मितिले तीस दिनभित्र सरोकारवाला निकायमा निवेदन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै निवेदन परेमा जाँचबुझ गरी तीस दिनको म्याद समाप्त भएपछि सरोकारवाला निकायले अभिलेख तयार गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम अभिलेखमा समावेश भएका वस्तु वा स्थलको पहिचानको लागि त्यस्तो वस्तु वा स्थलमा आवश्यकता अनुसार चिन्ह तथा सिमाना राख्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम राखिएको चिन्ह तथा सिमाना सम्वन्धी विवरण र सोसँग सम्वन्धित नक्सा सरोकारवाला निकायले अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(६) सरोकारवाला निकायले अभिलेखमा समावेश भएका राष्ट्रिय सम्पदाको संरक्षण र व्यवस्थापनको लागि सालबसाली रुपमा बजेट तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(७) सरोकारवाला निकायले राष्ट्रिय सम्पदाको नियमित अनुगमन गरी बार्षिक प्रतिवेदन तयार गरी सोको जानकारी मन्त्रालयलाई समेत दिनु पर्नेछ ।

२९. <u>हानी नोक्सानी गर्न नहुने:</u> सरोकारवाला निकायको स्वीकृति विना कसैले पनि अभिलेखमा समावेश भएका वा राष्ट्रिय सम्पदा क्षेत्र भित्रका वस्तु, स्थल, बनस्पति, जीवजन्तु आदिका सम्बन्धमा देहायका कुनै काम गर्नु गराउनु हुदैन:

(क) कुनै वस्तु, स्थल, वनस्पति, जीवजन्तु, आदि हटाउन, फेरबदल गर्न वा त्यसलाई नोक्सान पुग्ने कुनै काम गर्न,



सञ्जीव कुमार राई
प्रदेश सचिव

(ख) कुनै वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदि कसैलाई उपहार दिन वा हकछाडी बेचबिखन गर्न वा हस्तान्तरण गर्न,

(ग) अभिलेखमा समावेश भएका कुनै जीवजन्तुहरुलाई नोक्सान पुऱ्याउने किसिमका अन्य जीवजन्तु राष्ट्रिय सम्पदा संरक्षण क्षेत्रमा प्रवेश गराउन,

(घ) कुनै वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदि बिग्रने वा नासिने गरी अन्य कुनै काम गर्न वा गराउन ।

३०. <u>उजुरी गर्न सकिने</u>: (१) अभिलेखमा समावेश भएका राष्ट्रिय सम्पदा भित्रका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदिमा कसैले नियम २९ मा लेखिए विपरित हानी नोक्सानी हुने कुनै काम गरे गराएमा त्यस्तो विषयमा जो सुकैले सरोकारवाला निकायमा उजुरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उजुरी परी जाँचबुझ गर्दा वा सरोकारवाला निकाय आफैले जाँचबुझको सिलसिलामा अभिलेखमा समावेश भएका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदिको हानी नोक्सानी भएको देखिएमा त्यस्तो कार्य अविलम्ब रोकी प्रचलित कानूनले तोकेको निकाय समक्ष कारवाहीको लागि पठाउनु पर्नेछ ।

३१. <u>वातावरण संरक्षण सम्बन्धी विशेष व्यवस्था</u>: (१) ऐनको दफा ३४ अनुसार कायम गरिने वातावरण संरक्षण क्षेत्रको विषयमा प्रस्ताव स्वीकृत गर्नका लागि सरोकारवाला निकायले प्रस्ताव तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रस्तावका विषयमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी प्रस्तावित वा संशोधित प्रस्ताव स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रस्ताव प्राप्त भएको तीन महिनाभित्र प्रदेश सरकारले प्रस्तावित वातावरण संरक्षण क्षेत्र कायम गर्ने प्रस्ताव स्वीकृत गरी त्यस्तो सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्रस्ताव स्वीकृत गर्नु पूर्व प्रदेश सरकारले आवश्यक ठानेमा विज्ञ समेत रहेको कार्यदल बनाई त्यस्तो कार्यदलबाट सुझाव लिन सक्नेछ ।

(५) उपनियम (३) बमोजिम कायम गरिएको वातावरण संरक्षण क्षेत्रको व्यवस्थापनका लागि ऐनको दफा ३४ को उपदफा (७) बमोजिम सरोकारवाला निकायले कार्ययोजना स्वीकृत गरी प्रचलित कानून बमोजिम स्थानीय समुदायलाई व्यवस्थापनको जिम्मेवारी सुम्पन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम स्थानीय समुदायलाई व्यवस्थापनको जिम्मेवारी सुम्पिएमा त्यसबाट प्राप्त हुन आएको मुनाफाको कम्तिमा चालिस प्रतिशत रकम प्रदेश सरकारको कोषमा जम्मा गर्नु पर्नेछ ।



सन्जीव कुमार राई
प्रदेश सचिव

३२. <u>वातावरण संरक्षण क्षेत्रमा गर्न नपाइने काम:</u> (१) कसैले पनि वातावरण संरक्षण क्षेत्रभित्र देहायका कुनै काम गर्न गराउन हुँदैन:

(क) प्राकृतिक सम्पदा वा सौन्दर्यपरक स्थितिलाई बिगार्न, नास्न, भत्काउन, हटाउन, छेक्न वा अरु कुनै किसिमले हानी नोक्सानी पुऱ्याउन,

(ख) ऐतिहासिक तथा साँस्कृतिक महत्वका स्थलहरु बिगार्न, फेर्न, नास्न, हटाउन, भत्काउन वा त्यस्ता स्थलहरुमा कुनै पोस्टर वा त्यस्तै अन्य कागजात वा चित्रहरु टाँस्न वा अरु कुनै प्रकारले हानी हुने काम गर्न,

(ग) कुनै नदी, खोला नाला, झरना, खहरे, पोखरी, कुण्ड, ताल वा पानीको स्रोतमा विद्युतीय धार (करेन्ट) प्रयोग गर्न र वनस्पतिजन्य वा अन्य कुनै किसिमको हानिकारक रसायन पदार्थ प्रयोग गर्न,

(घ) कुनै पनि किसिमको घरपालुवा जनावरहरुबाट जननकृति (जेनेटिक मेकअप) मा परिवर्तन गर्न,

(ङ) खानी खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, माटो, कङ्क्रिट वा अन्य पदार्थ हटाउन,

(च) होटल, लज, सार्वजनिक यातायात, स्वास्थ्य चौकी, विद्यालय, कुटी वा अन्य यस्तै किसिमका सेवा सञ्चालन गर्न,

(छ) वातावरण संरक्षण क्षेत्रमा लगाइएको तारबार, चिन्ह, संकेत वा अन्य कुनै चीज वस्तुहरुलाई हानी नोक्सानी पुऱ्याउने ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण संरक्षण क्षेत्रको व्यवस्थापन तथा विकासको लागि सरोकारवाला निकायले स्वीकृति दिएका कुनै कार्यहरु गर्न यस नियममा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद -६

## <u>वातावरण संरक्षण कोष सम्वन्धी व्यवस्था</u>

३३. <u>वातावरण संरक्षण कोष सञ्चालक समितिको गठन सम्वन्धी व्यवस्था:</u> (१) ऐनको दफा ३५ बमोजिमको कोषको व्यवस्थापन, सञ्चालन र रेखदेख समेतको कार्य गर्नको लागि देहायका सदस्य रहेको एक वातावरण संरक्षण कोष सञ्चालक समिति गठन हुनेछ:

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) कम्तिमा अधिकृतस्तर नवौं तहको अधिकृत, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(ग) कम्तिमा अधिकृतस्तर नवौं तहको अधिकृत
आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) कम्तिमा अधिकृतस्तर नवौं तहको अधिकृत
उद्योग वाणिज्य तथा आपूर्तिसँग सम्वन्धित मन्त्रालय -सदस्य

(ङ) कम्तिमा अधिकृतस्तर नवौं तहको अधिकृत
भौतिक पूर्वाधार विकास सँग सम्वन्धित मन्त्रालय -सदस्य

(च) कम्तिमा अधिकृतस्तर नवौं तहको अधिकृत
शिक्षा, स्वास्थ्य तथा कृषी सँग सम्वन्धित मन्त्रालय -सदस्य

(छ) वातावरणविदहरु मध्येबाट एकजना महिला सहित दुइजना -सदस्य

(ज) वन तथा वातावरणसँग सम्वन्धित मन्त्रालयको महाशाखा प्रमुख वा मन्त्रालयको सचिवले तोकेको अधिकृतस्तरको कर्मचारी
-सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (छ) बमोजिमको सदस्यको मनोनयन मन्त्रालयले गर्नेछ र निजको पदावधी दुई बर्षको हुनेछ ।

(३) सञ्चालक समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

३४. <u>सचिवालय र प्रशासनिक खर्च सम्वन्धी व्यवस्था:</u> (१) सञ्चालक समितिको सचिवालयको काम मन्त्रालयले गर्नेछ ।

(२) सञ्चालक समितिको सचिवालयको लागि प्रशासनिक खर्चको रकम मन्त्रालयको बजेटबाट व्यहोरिने छ ।

३५. <u>कोषको सञ्चालन:</u> (१) कोषलाई आवर्ति (रिवल्भिङ्ग) कोषको रुपमा सञ्चालन गरिनेछ ।

(२) कोषमा जम्मा भएको रकम सञ्चालक समितिले तोकेको नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) उपनियम (२) बमोजिम खोलिएको खाताको सञ्चालन सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

३६. <u>कोषको प्रयोग:</u> (१) कोषमा जम्मा भएको रकम वातावरणको संरक्षण, प्रदुषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षणसँग सम्वन्धित विषयमा र देहायको काममा सञ्चालक समितिले निर्णय गरे बमोजिम खर्च गरिनेछ:

(क) वातावरणको संरक्षण, प्रदुषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षण र त्यस्ता कार्यका लागि जनचेतना अभिवृद्धि गर्न प्रभावकारी भूमिका खेल्ने संस्थालाई आवश्यक वित्तीय, भौतिक र प्राविधिक सहयोग उपलब्ध गराउने,

(ख) वातावरणीय शिक्षा, तालिम, अध्ययन, अनुसन्धान सम्बन्धी काममा आवश्यक आर्थिक सहयोग पुऱ्याउने,

(ग) वातावरणको संरक्षण, प्रदुषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षणमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई पुरस्कारको व्यवस्था गर्ने,

(घ) वातावरणको संरक्षण, प्रदुषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षण सम्वन्धमा नियमित कार्यक्रममा नपरेको योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन गर्ने,

(ङ) वातावरण प्रदुषण अध्ययन एवं न्यूनीकरण सम्वन्धी प्रविधिको प्रयोग गर्ने ।

(२) उपनियम (१) बमोजिम संचालक समितिले निर्णय गर्दा प्रदुषण वा जलवायू परिवर्तनको असरबाट बढी जोखिममा रहेको क्षेत्रमा रहेका सबभन्दा बढी प्रभावित हुने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकतामा राखी त्यस्तो क्षेत्रमा कार्यक्रम संचालन गर्न कम्तिमा तीस प्रतिशत रकम छुट्याउनु पर्नेछ ।

३७. <u>लेखा व्यवस्था:</u> कोषको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखी प्रचलित कानून बमोजिम लेखापरीक्षण गराउनु पर्नेछ ।

३८. <u>बार्षिक प्रतिवेदन:</u> सञ्चालक समितिले वर्षभरी गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद -७

## क्षतिपूर्ति सम्वन्धी व्यवस्था

३९. <u>क्षतिपूर्ति भराउन निवेदन दिन सक्ने:</u> (१) ऐनको दफा ४२ तथा दफा ४४ बमोजिम कसैले कुनै व्यक्ति, संस्था वा प्रस्तावसँग क्षतिपूर्ति भराउन चाहेमा त्यस्तो व्यक्ति, संस्था वा प्रस्तावकले गरेको कुनै कामबाट निवेदकलाई के कस्तो क्षति पुग्न गएको र के कति क्षतिपूर्ति भराउन चाहेको हो त्यस्तो व्यहोरा खुलाई मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा त्यस्तो निवेदनका विषयमा निर्णय गर्न मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले आवश्यकता अनुसार सम्बद्ध ठाउँको वस्तुस्थिति समेतको जाँचबुझ गर्न पीडित पक्षको समेत संलग्नता रहने गरी सम्वन्धित विज्ञहरु रहेको एक जाँचबुझ समिति गठन गर्न सक्नेछ र निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र यस्तो समिति गठन गरि सक्नु पर्नेछ ।



सञ्जीव कुमार रा
प्रदेश सचिव

(३) उपनियम (२) बमोजिम गठित जाँचबुझ समितिले प्राप्त निवेदनका सम्बन्धमा आवश्यकता अनुसार सम्वन्धित ठाउँको वस्तुस्थिति हेरी राय सहितको प्रतिवेदन तीस दिन भित्र मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायमा बुझाई सक्नु पर्नेछ । त्यस्तो प्रतिवेदनमा जाँचबुझ समितिले पीडित पक्षलाई पुग्न गएको क्षतिको किसिम, परिमाण, असर र प्रभावको यकिन गरी कस्तो प्रकारको क्षतिपूर्ति भराउनु पर्ने हो सोको आधार तय गरेर मात्र क्षतिपूर्ति निर्धारण गर्नु पर्नेछ ।

(४) क्षतिपूर्ति निर्धारण सम्वन्धमा उपनियम (२) बमोजिम गठित समितिलाई सम्वन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई आफू समक्ष उपस्थित गराई वयान गराउने, कुनै कागजात, उपकरण, यन्त्र आदि पेश गर्न लगाउने, प्रदुषण, ध्वनी, ताप वा फोहोर मैलाको सिर्जना वा निष्कासन गरेको ठाउँमा प्रवेश गरी जाँचवुझ गर्ने अधिकार हुनेछ ।

(५) उपनियम (३) बमोजिम जाँचबुझ समितिबाट प्राप्त भएको प्रतिवेदनका आधारमा मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले साठी दिन भित्र क्षतिपूर्तिका विषयमा निर्णय गरिसक्नु पर्नेछ र त्यसको जानकारी क्षतिपूर्ति कसबाट भराउने हो सो पक्षलाई गराइ सक्नु पर्नेछ ।

(६) ऐनको दफा ४२ को उपदफा (४) वमोजिम गठन हुने समितिले यस नियमावलीमा भएको प्रकृया बमोजिम क्षतिपूर्ति भराउन प्रतिवेशन पेश गर्नु पर्नेछ ।

४०. <u>निर्धारित समयमा क्षतिपूर्ति रकम बुझाउनु पर्ने:</u> (१) नियम ३९ बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएको मितिले तीस दिन भित्र सम्वन्धित व्यक्ति, संस्था वा प्रस्तावकले क्षतिपूर्तिको रकम सम्वन्धित निवेदकलाई बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्याद भित्र क्षतिपूर्तिको रकम बुझाउन नसकेको मनासिब माफिकको कारण जनाई सम्वन्धित व्यक्ति, संस्था वा प्रस्तावकले म्याद थपको लागि निवेदन गरेमा र त्यसरी निवेदनमा उल्लेख भएको कारण मनासिव देखिएमा मन्त्रालय वा सम्वन्धित निकायले एक पटकको लागि वढीमा तीस दिनको म्याद थप गरि दिन सक्नेछ ।

४१. <u>जायजेथाबाट क्षतिपूर्ति असूल उपर गरिने:</u> (१) नियम ४० बमोजिमको म्यादभित्र सम्वन्धित व्यक्ति, संस्था वा प्रस्तावकले क्षतिपूर्तिको रकम नबुझाएमा सो म्याद नाघेको एक महिनाभित्र क्षतिपूर्ति पाउने निवेदकले त्यस्तो व्यक्ति, संस्था वा प्रस्तावकको जायजेथा खुलाई क्षतिपूर्ति असुल उपर गरी पाउन मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन परेमा मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले क्षतिपूर्ति वुझाउनु पर्ने व्यक्ति, संस्था वा प्रस्तावकको जायजेथा प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी क्षतिपूर्तिको रकम भराई दिई बाँकी



सञ्जीव कुमार राई
प्रदेश सचिव

रकम प्रचलित कानूनको रीत पुऱ्याई लिन आए सम्वन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई फिर्ता दिनु पर्नेछ ।

## परिच्छेद -८
## विविध

४२. वातावरण संरक्षण योजना तर्जुमा गर्नु पर्नेः ऐनको दफा ३४ को उपदफा (१) बमोजिम कायम गरिएको वातावरण संरक्षण क्षेत्रको अनुसूची-२१ बमोजिमको ढाँचामा वातावरण संरक्षण योजना तयार गर्नु पर्नेछ ।

४३. समिति गठन सम्वन्धी व्यवस्थाः (१) ऐनको दफा ८ मा बमोजिमको संयोजक रहने गरी मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायमा वातावरणीय अध्ययन प्रतिवेदनको मूल्याङ्कन तथा सिफारिश गर्न गठन हुने समितिमा देहाय बमोजिमका अन्य सदस्यहरु रहनेछन:

(क) संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको हकमा

(१) प्रस्तावसँग सम्वन्धित महाशाखा प्रमुख वा शाखा प्रमुख -सदस्य

(२) कानून अधिकृत भएको भए कानून अधिकृत -सदस्य

(३) आवश्यकता अनुसारको विषयविज्ञ वढीमा तीन जना -सदस्य

(४) वातावरण शाखा हेर्ने अधिकृतस्तरको कर्मचारी वा सो नभएको अवस्थामा कार्यालय प्रमुखले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य सचिव

(ख) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको हकमाः

(१) स्वीकृतिका लागि मन्त्रालय समक्ष पेश भएका प्रत्येक प्रस्तावको वेग्ला वेग्लै समिति गठन गर्नु पर्नेछ ।

(२) उपखण्ड (१) बमोजिमको समितिले नै क्षेत्र निर्धारण प्रतिवेदन, कार्यसूची र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिको लागि सिफारिश गर्नेछ ।

(३) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएसँगै सम्वन्धित प्रस्तावको लागि गठित समिति स्वतः विघटन हुनेछ ।

(४) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिको लागि सिफारिश गर्ने सम्वन्धित निकाय तथा स्थानीय तहले समेत उपखण्ड (१) बमोजिमको समिति गठन गर्न सक्नेछ र सोही



प्रमुख सचिव

संजीव कुमार राई
प्रदेश सचिव

समितिको सिफारिशका आधारमा क्षेत्र निर्धारण प्रतिवेदन, कार्यसूची र
वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) यस नियम बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङ्कन समितिका लागि आवश्यक पर्ने विषयविज्ञको नामावली अद्यावधिक गरी राख्नु पर्नेछ ।

(३) यस नियम बमोजिम गठन भएको समितिको कार्य सञ्चालन गर्दा लाग्ने सम्पूर्ण खर्च प्रस्तावकले व्यहोर्नु पर्नेछ ।

४४. <u>नदीजन्य पदार्थको व्यवस्थापन:</u> वातावरण संरक्षण र प्रदुषण नियन्त्रण तथा रोकथामका लागि नदीजन्य पदार्थको उत्खनन्, संकलन, भण्डारण र ओसारपसार सम्बन्धमा प्रदेश सरकारले निर्धारण गरेको मापदण्डका आधारमा तयार गरिएको कार्यविधि बमोजिम हुनेछ ।

४५. <u>अनुगमन तथा निरीक्षण:</u> (१) ऐनको दफा ४८ मा उल्लेखित व्यवस्था अनुसार मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले अनुगमन तथा निरीक्षण गर्दा प्रस्ताव स्वीकृत हुँदाका बखतको वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित प्रभावभन्दा बढी प्रभाव परेको देखिएमा मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले त्यस्तो प्रभाव हटाउन वा हटाउने उपायहरु अवलम्बन गर्न प्रस्तावकलाई आवश्यक निर्देशन दिनेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित प्रस्तावकको कर्तव्य हुनेछ ।

(२) सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायले प्रत्येक आर्थिक वर्षमा स्वीकृत गरेको संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको विवरण सहितको अनुगमन तथा मूल्याङ्कनको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) प्रस्तावकले प्रस्तावको निर्माण तथा सञ्चालन गर्ने चरणमा प्रत्येक छ /छ महिनामा स्वः अनुगमन गर्नु पर्नेछ र सो अनुगमनको प्रतिवेदन मन्त्रालय वा सम्वन्धित मन्त्रालय वा सम्वन्धित निकायमा पेश गर्नु पर्नेछ ।

(४) ऐनको दफा ४८ को उपदफा (१) र (२) अनुसार ऐन, यस नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्डको कार्यान्वयन भए नभएको सम्वन्धमा गरिने अनुगमन तथा निरीक्षणका लागि देहायका व्यवस्थाहरु अवलम्बन गर्नु पर्नेछ:

(क) अनुगमन तथा निरीक्षणका लागि सालवसाली रुपमा कार्ययोजनाको तर्जुमा गर्ने।

(ख) खण्ड (क) को योजना अनुसार आवश्यक पर्ने जनशक्ति र खर्चको लेखाजोखा गरी वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गराउने ।

(ग) अनुगमन तथा निरीक्षण प्रतिवेदन अनुसूची-२२ बमोजिमको ढाँचामा तयार गरी सालवसाली रुपमा आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र एकीकृत वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने ।

(घ) खण्ड (ग) बमोजिमको प्रतिवेदनद्वारा औंल्याइएका सुझाव तथा सिफारिशहरुको प्राथमिकता र अनिवार्यताका आधारमा सम्बद्ध निकायले कार्यान्वयन गर्ने ।

<u>स्पष्टिकरण:</u> सम्बद्ध निकायले भन्नाले अनुगमन प्रतिवेदनले सुझाव कार्यान्वयन गर्नको लागि जिम्मेवारी देखाएको निकाय सम्झनुपर्दछ ।



सञ्जीव कुमार राई
प्रदेश सचिव

४६. <u>पुरस्कार वा प्रशंसा पत्र प्रदान गर्न सक्ने:</u> वातावरण संरक्षण, प्रदुषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षण सम्बन्धी विषयमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई मन्त्रालयले कदर स्वरुप नगद पुरस्कार र प्रशंसा पत्र प्रदान गर्न सक्नेछ ।

४७. <u>वातावरण सम्बन्धी विशेषज्ञको नामावली:</u> मन्त्रालयले वातावरणको क्षेत्रमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिहरुको नामावली अद्यावधिक गरी राख्नु पर्नेछ।

४८. <u>प्रस्तावक र स्वीकृतिकर्ता फरक हुनुपर्ने:</u> (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वातावरणीय अध्ययन प्रतिवेदनको प्रस्तावक र स्वीकृतिकर्ता फरक फरक हुनुपर्नेछ ।

(२) स्थानीय तह आफै प्रस्तावक भई गरिने संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन ऐन तथा नियमावली बमोजिमको प्रकृया पूरा गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

४९. <u>मन्त्रालयले सहजीकरण गर्न सक्ने:</u> कुनै वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्तावको प्रतिवेदन तयारीको लागि यस नियमावली बमोजिमको क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची बनाई प्रस्तावकले एकै पटक पेश गरेमा वा सम्बन्धित मन्त्रालय वा सम्बन्धित निकाय वा स्थानीय तहले आफ्नो राय सहित एकसाथ मन्त्रालयमा पेश गरेमा मन्त्रालयले राय समावेश गरी क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची एकसाथ स्वीकृत गर्न सक्नेछ ।

५०. <u>विविध:</u> यो नियमावली प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराई संचालनमा रहेका आयोजना वा कार्यक्रम वा उद्योग तथा कलकारखानाले प्रचलित कानून र ऐन तथा यस नियमावलीमा तोकिए बमोजिमको अवधिमा वातावरणीय अध्ययन प्रतिवेदन अद्यावधिक गराउनु पर्नेछ ।

५१. <u>अनुसूची हेरफेर तथा थपघट गर्न सक्ने:</u> मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

५२. <u>बचाउ:</u> यो नियमावली प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम भए गरेको काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

सञ्जीव कुमार ...
प्रदेश सचिव

प्रमुख सचिव

अनुसूची - १

नियम ३ को उपनियम (१), (२),(६), नियम ५ को उपनियम (१),(२), (४), नियम ५ को उपनियम (८) र नियम ८ को उपनियम (५) सँग सम्वन्धित

संक्षिप्त बातावरणीय अध्ययन गर्नु पर्ने प्रस्तावहरु

(अ) वन क्षेत्र

१. १० देखि ५० हेक्टर सम्मको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी विरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

२. सम्वन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका विरुवाहरु १० हेक्टरसम्मको क्षेत्रफलमा एउटै ब्लकमा बृक्षारोपण गर्ने ।

३. २० हेक्टरसम्म क्षेत्रफलमा नयाँ वनस्पति उद्यान,वन विउ बगैंचा, प्राणी उद्यान (चिडियाखाना), वन्यजन्तु पालन तथा वन्यजन्तु पुनर्स्थापना केन्द्र निर्माण गर्ने ।

४. विभिन्न प्रजातिका आयातित जङ्गली जनावरहरु वन क्षेत्रमा छोड्ने ।

५. वन क्षेत्र, मध्यवर्ती क्षेत्र, संरक्षण क्षेत्र वा वातावरण संरक्षण क्षेत्रभित्र रहेका प्रत्येक नदी, खोलाबाट दैनिक ५० घनमिटरसम्म बालुवा, ढुङ्गा, ग्राभेल र माटो संकलन गर्ने ।

६. १ हेक्टरसम्मको वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने ।

७. एक जिल्लाबाट बार्षिक ५ मे. टनसम्म खोटो सङ्कलन गर्ने ।

८. वन संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, संरक्षण क्षेत्र तथा वातावरण संरक्षण क्षेत्रमा निजी जग्गा बाहेक अन्यत्र प्रदेश सरकार, स्थानीय तहद्वारा उपभोक्ता समूह मार्फत निर्माण तथा संचालन हुने आयोजना निर्माण गर्न।

९. आनुवंशिक स्रोत माथिको पँहुच,उपयोग र लाभको बाँडफाँड गर्ने ।

१०. तराईमा २० हेक्टरसम्म र पहाडमा ५ हेक्टर सम्म क्षेत्रफलको वन क्षेत्र व्यवसायिक कबुलियती वनको रुपमा दिने ।

११. वन अनुसन्धानको प्रयोजनार्थ वार्षिक १५ हेक्टर क्षेत्रफलसम्मको राष्ट्रिय तथा प्रादेशक वन सरपट कटान गर्ने।

१२. ५ कि.मि. देखि १० कि.मि. सम्म लम्बाईको वन पथ वा अग्नी रेखा निर्माण गर्ने ।

१३. देहायका प्रस्तावहरु:

(क) वन संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, संरक्षण क्षेत्र तथा वातावरण संरक्षण क्षेत्रबाट भएर बग्ने नदीनालाको सतहबाट व्यवसायिक प्रयोजन बाहेक आयोजना संचालक आफैले संचालन गर्ने विकास निर्माणका लागि आवश्यक पर्ने वालुवा, ढुङ्गा, ग्राभेल र माटो दैनिक ५० घन मिटर सम्म निकाल्ने कार्य ।

(ख) वन संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, संरक्षण क्षेत्र तथा वातावरण संरक्षण क्षेत्रमा रहेका निजी बाहेकका जग्गामा नेपाल सरकार, प्रदेश सरकार बा स्थानीय तहले उपभोक्ता समूह मार्फत निर्माण तथा संचालन गर्ने आयोजना ।

(ग) निजी जग्गामा रहेको वालुवा, ढुङ्गा, ग्राभेल र माटो व्यवसायिक प्रयोजनको लागि निकाल्ने कार्य ।

(आ) उद्योग क्षेत्र

१. १ करोड देखि ५ करोड रुपैयाँसम्म मेसिन उपकरणमा लगानी भएको वर्कशप (मर्मत सम्भार गर्ने समेत) स्थापना तथा सञ्चालन गर्ने ।

२. वन क्षेत्र वाहेकका अन्य स्थानमा १० हेक्टर सम्मको क्षेत्रमा औद्योगिक ग्राम स्थापना गर्ने ।



सन्जीव कुमार राई
प्रदेश सचिव

३. साधारण निर्माणमुखी ढुङ्गा, डेकोरेटिभ ढुङ्गा, ग्राभेल, औद्योगिक माटो र साधारण माटो उत्खननको लागि दैनिक ५० घन मिटरसम्म उत्खनन् गर्ने ।

४. दैनिक २५ मेट्रिक टनसम्म वालुवा प्रशोधन वा फिरफिरे उद्योग स्थापना गर्ने ।

(इ) सडक तथा जल यातायात क्षेत्र

१. १०० मिटर लम्बाई सम्मको पुल निर्माण गर्न ।

२. स्थानीय सडक निर्माण गर्न ।

३. १५ किलोमिटर सम्मको जलयात्रा सञ्चालन गर्न ।

(ई) आवास, भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्र

१. ७ देखि १० तल्ला वा १५.५ देखि २५ मिटरसम्म उचाईका भवनहरु निर्माण गर्ने ।

२. ३००० देखि ५००० वर्गमिटर क्षेत्रफलसम्मको Built Up Area वा Floor Area भएको Residential वा Commercial वा संयुक्त भवन निर्माण गर्ने ।

३. ५०० देखि १००० जनासम्म एकै पटक आगमन तथा निगमन हुने सिनेमा हल,थिएटर, Community Hall, Stadium, Concert Hall, Sport Complex, Party Palace निर्माण गर्ने ।

४. ५ देखि १० हेक्टरसम्मको जग्गा विकास आयोजना सञ्चालन गर्ने ।

५. १ देखि ५ हेक्टरसम्म Hard Surface Pavement (Dry Port, Bus Park, Parking Lot आदि) निर्माण गर्ने ।

६. ५ हजार लिटर देखि १० हजार लिटर सम्म दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा संचालन गर्न ।

७. १०० के.जि. देखि ५०० के.जि. सम्म दैनिक फोहोरमैला उत्पादन हुने भवन निर्माण तथा संचालन गर्न ।

(उ) पर्यटन क्षेत्रः

१. २५ देखि ५० वेड सम्मको होटल, रिसोर्ट तथा सामुदायिक होटेल निर्माण,स्थापना तथा संचालन गर्ने ।

(ऊ) ऊर्जा, जलस्रोत तथा सिंचाई क्षेत्र

१. ६६ के.भि. सम्मको विद्युत प्रसारण लाइन आयोजनाको लागि वन क्षेत्र प्रयोग गर्नु पर्ने भएमा ।

२. १०० हेक्टरसम्म लिफ्ट सिंचाई आयोजना निर्माण गर्ने ।

३. जल तथा मौसम मापन केन्द्र र मौसमी राडार स्थापना कार्य गर्दा वन क्षेत्र प्रयोग गर्नुपर्ने भएमा ।

(ए) स्वास्थ्य क्षेत्र

१. १६ देखि २५ शैयासम्मको अस्पताल, नर्सङ होम, पोली क्लिनिक वा चिकित्सा व्यवसाय संचालन गर्ने।

(ऐ) शिक्षा क्षेत्र

१. ५० शैया सम्मको शिक्षण अस्पताल संचालन गर्ने ।

(ओ) खानी क्षेत्र

१. साधारण निर्माणमुखी ढुङ्गा, ग्राभेल, औद्योगिक माटोको लागि दैनिक ५० घन मिटर सम्म उत्खनन् गर्ने ।

२. वनक्षेत्र भन्दा बाहेकको क्षेत्रको प्रत्येक नदी, खोला सतहबाट दैनिक १०० घन मिटरसम्म बालुवा, ग्राभेल, गिर्खा र माटो निकाल्ने ।

संजीव कुमार राई
प्रदेश सचिव

अनुसूची - २

(नियम ३ को उपनियम (१), (२), (६), नियम ५ को उपनियम (१), (२), (४), (८), नियम ८ को उपनियम (५) सँग सम्वन्धित)

प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावहरु

(अ) वन क्षेत्र

१. तराईमा ५० हेक्टरभन्दा बढी देखि ५०० हेक्टरसम्म र पहाडमा ५० हेक्टरभन्दा बढी देखि २५० हेक्टरसम्मको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी विरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

२. सम्वन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातीका विरुवाहरु तराईमा १० हेक्टर भन्दा बढी देखि ५० हेक्टरसम्म र पहाडमा १० हेक्टर भन्दा बढी देखि २५ हेक्टरसम्मका क्षेत्रफलमा एउटै ब्लकमा वृक्षारोपण गर्ने।

३. २० हेक्टर भन्दा बढीको क्षेत्रफलमा नयाँ वनस्पति उद्यान, वन बीउ बगैंचा, प्राणी उद्यान (चिडियाखाना) र वन्यजन्तु पालन तथा वन्यजन्तु पुनर्स्थापना केन्द्र निर्माण गर्ने।

४. सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन, संरक्षित वन, मध्यवर्ती क्षेत्र, सिमसार क्षेत्र वा संरक्षण क्षेत्र भएर बहने प्रत्येक नदी, खोलाबाट दैनिक ५० घनमिटरभन्दा बढी बालुवा, ढुङ्गा, ग्राभेल र माटो संकलन गर्ने।

५. १ हेक्टर देखि ५ हेक्टरसम्मको वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने ।

तर यो नियमावली प्रारम्भ हुनु भन्दा अघि वन क्षेत्रमा सडकको ट्रयाक तयार भएको हकमा उक्त सडकको स्तरोन्नती गर्दा थप हुने वा क्षेत्रको क्षेत्रफल मात्र गणना गर्नु पर्नेछ।

६. एक जिल्लाबाट वार्षिक ५ मे. टन भन्दा बढी खोटो संङ्कलन गर्ने ।

७. तराईमा २० हेक्टर भन्दा बढी देखि १०० हेक्टरसम्म र पहाडमा ५ हेक्टभन्दा बढी देखि ५० हेक्टरसम्म क्षेत्रफलको वन व्यवसायिक कबुलियती वनको रुपमा दिने ।

८. वन अनुसन्धानको प्रयोजनार्थ वार्षिक १५ हेक्टर भन्दा बढीदेखि ३० हेक्टर क्षेत्रफलसम्मको राष्ट्रिय तथा प्रादेशिक वन सरपट कटान गर्ने ।

९. १० कि.मि. भन्दा बढी लम्बाईको वन पथ वा अग्नी रेखा निर्माण गर्ने ।

१०. वन संरक्षण क्षेत्र र वातावरण संरक्षण क्षेत्र स्थापना वा विस्तार गर्ने ।

११. सिमसार क्षेत्र तथा संरक्षित जलाधार क्षेत्रको व्यवस्थापन कार्ययोजना तयार गर्ने ।

१२. देहाय अनुसारको वन पैदावार संकलन गर्ने गरी जिल्ला भित्रको पञ्चवर्षीय वन कार्ययोजना वा वन संरक्षण क्षेत्र वा वातावरण संरक्षण क्षेत्रको कार्ययोजना तयार गर्ने ।

(क) वार्षिक ५० मेट्रिक टनसम्म जरा तथा गानो संकलन गर्ने,

(ख) वार्षिक १५० मेट्रिक टन सम्म बोका संकलन गर्ने,



सञ्जीव कुमार राई
प्रदेश सचिव

(ग) वार्षिक १५० मेट्रिक टनसम्म पात वा डाँठ संकलन गर्ने, (सालसिड, रिठ्ठा र अमला, तेन्दुपात, भोर्लापात, तेजपात बाहेक)

(घ) वार्षिक १५० मेट्रिक टनसम्म फूल र भुवा संकलन गर्ने,

(ङ) वार्षिक २०० मेट्रिक टनसम्म फल र बीज संकलन गर्ने,

(च) वार्षिक १५० मेट्रिक टनसम्म बिरुवा संकलन गर्ने,

(छ) वार्षिक २०० मेट्रिक टनसम्म गम, रेजिन (सल्लाको खोटो बाहेक) लोहवान संकलन गर्ने,

(ज) वार्षिक २ लाख घनफीट भन्दा बढी काठ उत्पादन तथा संकलन गर्ने।

१३. सार्वजनिक बुट्यान क्षेत्रमा जडिबुटी वा सुगन्धित वनस्पतिको व्यवसायिक उत्पादनको लागि जडिबुटी केन्द्र स्थापना गर्ने ।

१४. प्रचलित कानून अनुसार प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातीहरुको हकमा एक जिल्लाबाट प्रति प्रजाती २० देखि १०० टनसम्म वन पैदावार संकलन गर्ने।

१५. वन क्षेत्र, संरक्षण क्षेत्र भित्रको वन क्षेत्र, मध्यवर्ती क्षेत्र भित्रको वन क्षेत्र, सिमासार क्षेत्र वा वातावरण संरक्षण क्षेत्र भित्रको वन क्षेत्रमा २५ शैयासम्मको रिसोर्ट वा होटल, २५ शैयासम्मको अस्पताल वा २५ कोठा सम्मको शिक्षण संस्था निमार्ण कार्य तथा संचालन गर्ने ।

१६. स्वीकृत वन कार्ययोजना बमोजिम ५ हेक्टरभन्दा बढी क्षेत्रबाट कटान भएका रुखको जरा, ठुटा निकाल्ने ।

१७. बाह्य (एक्जोटिक) तथा मिचाहा (इन्भेसिभ) जङ्गली प्राणी तथा वनस्पतिको स्थापना (Introduced) लगायत जि.एम.ओ. ( Genetically Modified Organism) र एल.एम.ओ. (Living Modified Organism) प्रभावित प्रजाति एवं प्रविधिको स्थापना, प्रशारण तथा अनुसन्धान सम्वन्धी कार्य गर्ने ।

१८. वैज्ञानिक वन व्यवस्थापन वा त्यस्तै प्रकारको वन व्यवस्थापन प्रणाली लागू गरी सोको कार्ययोजना कार्यान्वयन गर्ने ।

१९. वन क्षेत्रमा पर्यापर्यटन संचालन गर्ने ।

२०. देहायका प्रस्तावहरु:

(क) मध्यवर्ती क्षेत्र भित्र विद्युत प्रसारण लाइन वा विद्युत प्रसारण लाइनबाट ट्याप गरी नयाँ आउटडोर सवस्टेशन निर्माण कार्य ।

(ख) वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र वा वातावरण संरक्षण क्षेत्रभित्र १० मेघावाट सम्मको जलविद्युत आयोजना वा १३२ के.भि. वा सोभन्दा कम भोल्टेज स्तरका विद्युत प्रसारण वा वितरण लाइन वा सो अन्तर्गतका सवस्टेशन निर्माण कार्य।



सञ्जीव कुमार राई
प्रदेश सचिव

(आ) उद्योग क्षेत्र

१. दैनिक १०,००० लिटरभन्दा बढी क्षमताको दूग्ध प्रशोधन (दूधको परिकार समेत) उद्योग स्थापना गर्ने ।
२. दैनिक ५ मेट्रिक टन भन्दा बढी माछा, मासु प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।
३. १००० मेट्रिक टन भन्दा बढी भण्डारण क्षमता भएको कोल्ड स्टोरेज स्थापना गर्ने ।
४. परम्परागत भेटेरीनरी औषधी बाहेकका भेटेरीनरी भ्याक्सिन तथा औषधी उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।
५. दैनिक १० मेट्रिक टनभन्दा बढी फलफूल वा तरकारीको प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।
६. दैनिक २ देखि १० मेट्रिक टनसम्म प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।
७. रासायनिक मल उत्पादन, संश्लेषण (फर्मुलेशन), सम्मिश्रण (ब्लेण्डिङ्ग), प्याकेट वा डिब्बाबन्दी (प्याकेजिङ/क्यानिङ्ग/रिप्याकेजिङ्ग) भण्डारण (स्टोर) तथा डिस्पोजल सम्वन्धी कार्य तथा उद्योग स्थापना गर्ने ।
८. जिवनाशक विषादी उत्पादन, संश्लेषण (फर्मुलेशन), सम्मिश्रण (ब्लेण्डिङ्ग), प्याकेट वा डिब्बाबन्दी (प्याकेजिङ/क्यानिङ्ग/रिप्याकेजिङ्ग) भण्डारण (स्टोर) तथा डिस्पोजल सम्वन्धी कार्य तथा उद्योग स्थापना गर्ने
९. ब्लेन्डिङ प्रक्रियाबाट मदिरा उत्पादन गर्ने वा दैनिक ५ लाख लिटरसम्म क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी, ब्रुअरी तथा वाइनरी उद्योग स्थापना गर्ने ।
१०. कार्बोनेटेड वा ननकार्बोनेटेड ब्रेभरेज, जुस आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।
११. बनस्पति घ्यू वा खाने तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।
१२. दैनिक १ मेट्रिक टनभन्दा बढी चिया, कफी, जडिबुटी आदि प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।
१३. दैनिक ३००० मेट्रिक टनसम्म खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।
१४. दैनिक १० मेट्रिक टन भन्दा बढी खाद्य पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।
१५. दैनिक २५ मेट्रिक टनसम्म हाड, सिंग वा खुर प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।
१६. दैनिक १५,००० वर्ग फिटसम्म छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।
१७. पाइपलाइन बाहेक व्यापारिक प्रयोजनको लागि प्रति सेकेन्ड १० लिटरभन्दा बढीको दरले पानी प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।
१८. कुकिङ्ग (एल.पि.जि.) ग्याँस, बायोग्याँस, नेचुरल ग्याँसको उत्पादन, भण्डारण, फिलिङ्ग, रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।
१९. कार्बन डाइअक्साइड, अक्सिजन, नाईट्रोजन, ऐसिटिलिन (Acetylene) आदि उत्पादन तथा रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

सञ्जीव कुमार राई
प्रदेश सचिव

२०. बार्षिक ३ करोड गोटासम्म उत्पादन क्षमता भएको पोलेको इटा, टायल आदि बनाउने उद्योग स्थापना गर्ने ।

२१. दैनिक १० हजार भन्दा बढी Compressed Bricks, Hollow Bricks/Blocks उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२२. दैनिक १ हजार मेट्रिक टनसम्म क्षमताको क्रसर उद्योग स्थापना गर्ने ।

२३. दैनिक २५ मेट्रिक टनभन्दा बढी बालुवा प्रशोधन गर्ने वा फिरफिरे उद्योग स्थापना गर्ने।

२४. दैनिक १०० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको एसिड र अल्काली उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२५. Zink Oxide उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२६. श्रृङ्गार सामान बाहेकका रङ्ग रोगन उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२७. Chemical (Plasticizer, Chlorine, Sodium Hypo-Chlorite आदि), Glue, Adhesives आदि बनाउने उद्योग स्थापना गर्ने ।

२८. ब्लेन्डिङ, रिप्रोसेसिङ वा रिक्लामेशन प्रक्रियाबाट लुब्रिकेन्टस् उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२९. ब्लेण्डिङ प्रक्रियाबाट विटुमिन तथा विटुमिन इमल्सनको उत्पादन तथा रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

३०. Mosquito Repellent (झोल, क्वाईल, ट्याबलेट, लोसन आदि) धुप आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

३१. दैनिक ५ मेट्रिक टनभन्दा बढी डिटरजेन्ट स्याम्पु, लिक्विड क्लिनर, क्लिनिङ्ग पाउडर, स्यानिटाइजर, फ्रेसनर आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

३२. दैनिक १ मेट्रिक टन भन्दा बढी साबुन उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

३३. ब्याट्री (ड्राई वा वेट वा लिथियम आयोन) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

३४. दैनिक ५० मेट्रिक टनसम्म (ड्राई वा वेट) ब्याट्री रिसाइक्लिङ्ग गर्ने उद्योग स्थापना गर्ने।

३५. Metal, non-metal, प्लाष्टिक तथा अन्य किसिमका पदार्थहरुको रिसाइक्लिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

३६. दैनिक ५ मेट्रिक टनसम्म फोम उत्पादन उद्योग (फोमको प्रयोग गरी २ मेट्रिक टन भन्दा बढी वस्तु उत्पादन गर्ने उद्योग समेत) स्थापना गर्ने ।

३७. परम्परागत घरेलु उद्योग बाहेकका दैनिक १०० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने ।

३८. दैनिक १ मेट्रिक टन भन्दा बढी स्टेशनरी सामान (पेन, डटपेन, सिसाकलम, कापी, रजिस्टर आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

३९. दैनिक ५ मेट्रिक टनभन्दा बढी प्याकेजिङ्ग (कोरुगेटेड बक्स, कार्डबोर्ड आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।



सञ्जीव कुमार राई
प्रदेश सचिव

४०. परम्परागत घरेलु उद्योग बाहेकका धागो तथा कपडा रङ्गाई वा धुलाई वा छपाई गर्ने उद्योग (गलैचा, पस्मिना समेत) स्थापना गर्ने ।

४१. दैनिक ५ मेट्रिक टनभन्दा बढी धागो प्रयोग गरी कपडा उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

४२. स्पिनिङ्ग मिल स्थापना गर्ने ।

४३. जुट उद्योग स्थापना गर्ने ।

४४. Coir Rope वा Coir Mattress उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

४५. चुनढुंगा वा क्लिंकरमा आधारित दैनिक ३ हजार मेट्रिक टनसम्म उत्पादन क्षमता भएको क्लिंकर वा सिमेन्ट उद्योग स्थापना गर्ने ।

४६. दैनिक ३ हजार मेट्रिक टनसम्म चुन उत्पादन क्षमता भएको उद्योग स्थापना गर्ने ।

४७. दैनिक १० मेट्रिक टनभन्दा बढी उत्पादन क्षमता भएको वा २० करोड देखि २ अर्ब रुपैयाँसम्म मेसिन उपकरणमा लगानी हुने खनिजजन्य पदार्थ प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

४८. औषधी उद्योग स्थापना गर्ने वा दैनिक ५० मेट्रिक टनसम्म औषधीको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk Drugs) संश्लेषण (Formulation) गर्ने उद्योग स्थापना गर्ने ।

४९. दैनिक ५०० किलोग्राम भन्दा बढी आयुर्वेदिक औषधी उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

५०. दैनिक ५ मेट्रिक टन भन्दा बढी प्लाष्टिकका सामान (पाइप, फिटिङ्ग, यार्न, Wrapper, आदि उत्पादन गर्ने सहित) उत्पादन गर्ने उद्योग (खेर गएको प्लाष्टिकको कच्चा पदार्थ वा Virgin Granules, Resin, Compound मा आधारित) स्थापना गर्ने ।

५१. टायर, टयुब्स र रबर प्रशोधन तथा उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

५२. पुनारो टायर तथा प्लाष्टिक प्रशोधन गरी इन्धन (तेल) निकाल्ने उद्योग स्थापना गर्ने ।

५३. एनोडाइजिङ्ग, इलेक्ट्रोप्लेटिङ्ग तथा ग्याल्भनाइजिङ्ग गर्ने उद्योग (सुन चाँदीमा Plating गर्ने घरेलु उद्योग बाहेक) स्थापना गर्ने ।

५४. रोलिङ्ग मिल उद्योग स्थापना गर्ने ।

५५. दैनिक १० मेट्रिक टनभन्दा बढी कट्लेन्थ गर्ने तथा भाँडा बनाउने उद्योग स्थापना गर्ने।

५६. दैनिक ५० मेट्रिक टनभन्दा बढी उत्पादन क्षमता भएको फाउण्ड्री उद्योग स्थापना गर्ने।

५७. दैनिक ५०० मेट्रिक टनसम्म प्रारम्भिक स्मेल्टिङ्ग गरी फेरस तथा नन् फेरस वस्तु उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

५८. दैनिक ७५० मेट्रिक टन सम्म धातु रिमेल्टिङ्ग वा रिरोलिङ्ग वा ऐलोयिङ्ग (Alloying) गर्ने उद्योग स्थापना गर्ने ।

५९. १० मेट्रिक टनभन्दा बढी मेटल तथा नन् मेटलबाट फ्याब्रिकेशन (स्टक्चर समेत) गर्ने उद्योग स्थापना गर्ने ।

६०. गाडी, मोटर साइकल, अटोरिक्सा आदि तथा दैनिक १०० थान भन्दा बढी साइकल रिक्सा (इन्धन वा विद्युत प्रयोग नगरी) एसेम्वलिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

६१. १ करोड रुपैयाँ भन्दा बढीको मेसिन उपकरण प्रयोग गरी इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरु एसेमब्लिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

६२. १ करोड रुपैयाँ भन्दा बढीको मेसिन उपकरण प्रयोग गरी इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामान एसेम्बलिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

६३. दैनिक १ मेट्रिक टन भन्दा बढी विजुलीको तार (वायरिङ्ग तथा प्रसारणको लागि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

६४. मेसिन उपकरणमा ५ करोड रुपैयाँभन्दा बढी लगानी भएको वर्कशप (मर्मत सम्भार गर्ने समेत) स्थापना गर्ने ।

६५. मेसिन उपकरणमा ५ करोड रुपैयाँभन्दा बढी लगानी गर्ने निर्माण सम्वन्धी कार्य गर्ने उद्योगको स्टोरेज यार्ड स्थापना गर्ने ।

६६. सबै प्रकारका ग्याँस सिलिण्डर उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

६७. उद्योगले आफ्नो प्रयोगको लागि ५ देखि ४० मेगावाटसम्म नवीकरणीय ऊर्जा प्रविधि (सौर्य, वायु, जैविक आदि) Cogeneration, DG Set बाट विद्युतीय ऊर्जा उत्पादन गर्ने कार्य।

६८. उद्योगले आफ्नो तापीय ऊर्जा प्रयोजनको लागि बायोमास, कोइलाबाट सञ्चालन हुने ग्याँसिफायर जडान गरी सञ्चालन गर्ने ।

६९. वार्षिक २५ हजारदेखि ५ लाख घन फिटसम्म काठ प्रयोग गर्ने स:मिल स्थापना गर्ने।

७०. दैनिक ५०० क्यूविक फिटभन्दा बढी काठ प्रयोग गरी झ्याल ढोका लगायतका फर्निचर सामान उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७१. रोजिन, टर्पेन्टाइन तथा कत्था उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७२. वार्षिक २ लाख घन फिटसम्म काठ वा काठजन्य पदार्थ प्रयोग गरी भेनियर, प्लाइउड, प्लाइबोर्ड आदि बनाउने उद्योग स्थापना गर्ने ।

७३. दैनिक ५ मेट्रिक टनभन्दा बढी बाँस तथा बेतका सामानहरु उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७४. दैनिक ५०० किलोग्राम भन्दा बढी सूर्तिजन्य पानमसलाहरु उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७५. चुरोट तथा बिडी उत्पादन (सूर्ति ड्राई गर्ने समेत) गर्ने उद्योग स्थापना गर्ने ।

७६. Extraction, Distillation आदि प्रविधिबाट सुगन्धित तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

७७. दैनिक १० किलो लिटरभन्दा बढी बायोडिजेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७८. Solvent Extraction प्रक्रियाबाट खाने तेल बाहेक अन्य तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

७९. सलाई उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

प्रमुख सचिव

सन्जीव कुमार राई
प्रदेश सचिव

प्रमुख सचिव

८०. अर्ध प्रशोधित तेल, फोसिल फ्यूल प्रयोग गरी दैनिक २०० मेट्रिक टनसम्म पेट्रोलियम पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

८१. दैनिक ५ लिटर भन्दा बढी Chemical तथा Reagent प्रयोग हुने Diagnosis Lab स्थापना गर्ने ।

८२. काँच प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

८३. दैनिक १ मेट्रिक टन भन्दा बढी पशु पन्छीको दाना उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

८४. दैनिक २०० जोरभन्दा बढी जुत्ता तथा चप्पल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

८५. दैनिक १ लाखभन्दा बढी पृष्ठ छपाई गर्ने प्रिन्टिङ्ग प्रेस सञ्चालन गर्ने।

८६. दैनिक १०० मेट्रिक टन भन्दा बढी Cargo Handling गर्ने उद्योग स्थापना गर्ने ।

८७. अस्फाल्ट ब्याचिङ्ग प्लान्ट स्थापना एवं सञ्चालन गर्ने ।

८८. सर्पदंश उपचारको लागि औषधी वनाउने उद्योग स्थापना र सञ्चालन गर्ने ।

८९. कम्प्यूटर, सफ्टवेयर, विद्युतीय उपकरणहरु प्रयोग गरी सफ्टवेयर तयारी, अनलाइन सेवा, इन्टरनेट, रेडियो, केबुल नेटवर्क जस्ता प्रकृतिका सेवा दिने कार्य तथा तालिम, परामर्श जस्ता कार्यहरु बाहेक २५ करोड देखि २ अर्ब रुपैयाँसम्म मेसिन उपकरणमा लगानी हुने उद्योग।

(इ) सडक तथा जल यातायात क्षेत्र

१. १०० मिटरभन्दा बढी लम्बाईका पुलहरु निर्माण गर्ने ।

२. २५ कि.मि. सम्म लम्बाई हुने नयाँ सडक निर्माण गर्ने ।

३. ५ देखि ५० कि.मि. सम्मको रज्जुमार्ग निर्माण गर्ने ।

४. १ देखि ५ कि.मि. सम्मको केबुल कार मार्ग निर्माण गर्ने ।

५. १० किलोमिटर भन्दा बढी ५० किलोमिटर सम्म लम्बाईको राष्ट्रिय राजमार्ग वा प्रादेशिक राजमार्ग वा सहायक सडकहरुको चौडाई वृद्धि हुने गरी स्तरवृद्धि, पुनस्थापना वा पुनः निर्माण गर्ने ।

६. सडक प्रयोजनको लागि १ देखि ३ कि.मि. सम्म सुरुङ बनाउने ।

७. चारपाङ्ग्रे सवारी सञ्चालन हुने आकाशे पुल (फ्लाई ओवर) निर्माण गर्ने ।

८. सार्वजनिक यातायातको लागि मोनो रेलमार्ग सञ्चालन गर्ने ।

९. १५ किलोमिटर भन्दा बढीको जलयात्रा सञ्चालन गर्न ।

(ई) आवास, भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्र

१. ११ तल्ला वा २५ मिटरभन्दा बढी १६ तल्ला वा ५० मिटरसम्मका उचाई भएका भवन निर्माण गर्ने ।

२. ५००० भन्दा बढी १०००० वर्गमिटर क्षेत्रफलसम्मको Built Up Area वा Floor Area भएको Residential, Commercial वा Residential and Commercial दुवै प्रकृतिको संयुक्त भवन निर्माण गर्ने ।

सञ्जीव कुमार राई
प्रदेश सचिव

३. १००० भन्दा वढी देखि २००० जनासम्म एकैपटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, Community Hall, Stadium, Concert Hall, Sport Complex, Party Palace निर्माण गर्ने ।

४. १ देखि ५ हेक्टर सम्मको क्षेत्रमा आवास विकास गर्ने ।

५. १० देखि १०० हेक्टरसम्मको जग्गा आयोजना सञ्चालन गर्ने ।

६. ५ हेक्टरभन्दा वढी Hard Surface Pavement (Dry Port, Bus Park, Parking Lot आदि) निर्माण गर्ने ।

७. २०००० घन मिटरभन्दा बढी माटो पुर्ने तथा माटो काटी Site Develop गर्ने ।

८. १० हजार लिटर देखि २० हजार लिटर सम्म दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने ।

(उ) ऊर्जा, जलस्रोत तथा सिंचाई क्षेत्र

१. विद्युत प्रसारण लाईन र सबस्टेशन निर्माण अन्तर्गतः

(क) १३२ के.भी. वा सोभन्दा बढी क्षमताको विद्युत प्रसारण लाइन निर्माण गर्ने ।

(ख) विद्यमान २२० के.भि. वा सोभन्दा बढी क्षमताको विद्युत प्रसारण लाइनबाट ट्याप गरी नयाँ आउटडोर सवस्टेशन निर्माण गर्ने ।

२. विद्युत उत्पादन अन्तर्गतः

(क) १ मेगावाट देखि ५० मेगावाट क्षमतासम्मको जलविद्युत उत्पादन आयोजना निर्माण गर्ने ।

(ख) १ मेगावाट देखि ५ मेगावाट क्षमता सम्मको खनिज तेल वा ग्याँसबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

(ग) १५०० घन मिटर भन्दा बढी क्षमताको बायो ग्याँस प्लान्ट निर्माण गर्ने ।

३. सिँचाईको नयाँ प्रणाली अन्तर्गतः

(क) तराई वा भित्री मधेशमा २०० देखि २००० हेक्टरसम्मको क्षेत्र सिँचाई गर्ने।

(ख) पहाडी उपत्यका र टारमा २५ देखि ५०० हेक्टरसम्मको क्षेत्र सिँचाई गर्ने ।

(ग) पहाडी भिरालो पाखा र पर्वतीय क्षेत्रमा २५ देखि २०० हेक्टरसम्मको क्षेत्र सिँचाई गर्ने ।

(घ) १०० हेक्टर भन्दा वढीको लिफ्ट सिंचाई आयोजना निर्माण गर्ने ।

४. सिँचाईको पुनरुत्थान प्रणाली अन्तर्गतः

(क) विद्यमान प्रणाली अन्तर्गतका सिँचाई आयोजनामा नयाँ हेडवर्क्स निर्माण वा मूल नहर परिवर्तन हुने कुनै पनि पुनरुत्थान आयोजना सञ्चालन गर्ने।

५. २५ जना देखि १०० जनासम्म स्थायी वसोवास भएका जनसंख्या विस्थापित गर्ने कुनै पनि जलस्रोत विकास कार्य गर्ने।



सञ्जीव कुमार राई
प्रदेश सचिव

६. १० कि.मि. भन्दा बढी लम्बाईको नदी नियन्त्रणको कार्य गर्ने ।

७. नवीकरणीय ऊर्जा क्षेत्र:

(क) १ देखि १० मेगावाट क्षमता सम्मको सौर्य ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

(ख) १ देखि १० मेगावाट क्षमतासम्मको वायू ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

(ग) ०.५ देखि २ मेगावाट क्षमतासम्मको जैविक ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

(घ) चिनी उद्योग क्षेत्रभित्रको उखु पेलिसकेपछि निस्किने खोस्टा (Bagasse) बाट विद्युत सहउत्पादन (Cogeneration) हुने आयोजना संचालन गर्ने ।

(ऊ) पर्यटन क्षेत्र:

२. ५१ शैयादेखि १०० शैयासम्मको होटल वा रिसोर्ट निर्माण, स्थापना तथा सञ्चालन गर्ने।

३. विद्यमान विमानस्थलको क्षेत्रफल थप्ने ।

४. माछा वा अन्य जलचर भएको कुनै नदी वा तालमा इञ्जिन जडित उपकरण र इन्धन ज्वलन गरी र्‍याफ्टिङ्ग कार्य वा क्रुज वा मोटरबोट सञ्चालन गर्ने ।

५. ताल वा जलाशयमा स्थापना हुने हाउस बोट (तैरने घर) सञ्चालन गर्ने ।

६. साहसिक पर्यटनसँग सम्वन्धित पर्यटकीय उपजहरु संचालन गर्ने ।

(ए) खानेपानी क्षेत्र

१. १०० देखि ५०० हेक्टरसम्मको क्षेत्रमा फैलिएको वर्षातको पानी संकलन गर्ने तथा सोही क्षेत्रफलमा भएका पानीका स्रोतहरुको प्रयोग गर्ने ।

२. सेफ इल्ड १०० लिटर प्रति सेकेण्ड (LPS) भन्दा बढीको सतही पानीको स्रोत र पानीको ५० देखि ७५ प्रतिशतसम्म सुख्खा समयमा आपूर्ति गर्ने ।

३. प्रति सेकेण्ड १०० लिटर भन्दा बढीको दरले पानी प्रशोधन गर्ने ।

४. भूमिगत पानीको स्रोत विकासका लागि कूल एक्यूफरको ५० देखि ७५ प्रतिशतसम्म रिचार्ज गर्ने ।

५. १ देखि ३ कि.मि. सम्मको सुरुङ निर्माण गरी खानेपानी आयोजना सञ्चालन गर्ने ।

६. खानेपानी आयोजना सञ्चालन गर्नको लागि २५ देखि १०० जना सम्म जनसंख्या विस्थापन गर्ने ।

७. खानेपानीको स्रोतको माथिल्लो भागमा ५०० जनसंख्या सम्मको बसोबास गराउने ।

८. ५० हजारदेखि २ लाखसम्मको जनसंख्यालाई खानेपानी आपूर्ति गर्ने ।

९. ५० हजारदेखि २ लाखसम्मको जनसंख्यालाई खानेपानी आपूर्ति गरी नयाँ स्रोत जोड्ने ।

१०. १ कि.मि. भन्दा बढीको डाइभर्सन सम्वन्धी काम गर्ने ।

११. ट्रिटमेन्ट सहितको ढल निकास सिष्टम समावेश भएका खानेपानी आयोजना सञ्चालन गर्ने।



प्रदेश सचिव

(ऐ) फोहोरमैला व्यवस्थापनः

१. घर एवं आवास क्षेत्रहरुबाट निस्कने फोहोरमैलाको सम्बन्धमा देहायको काम गर्नेः

(क) वार्षिक १००० देखि ५००० टन सम्म फोहोरमैला जमिनमा भर्ने ।

(ख) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्बन्धी काम गर्ने ।

(ग) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरिकाबाट फोहोरमैला छनौट गर्ने, केलाउने, तह लगाउने र पुनः प्रयोग गर्ने ।

(घ) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको कम्पोष्ट प्लान्ट सम्बन्धी काम गर्ने ।

(ङ) ५ एम.एल.डी. (MLD) क्षमताभन्दा बढीको ढल व्यवस्थापन आयोजना सञ्चालन गर्ने ।

(च) ५०,००० सम्म जनसंख्यालाई टेवा पुऱ्याउने उद्देश्यले सञ्चालन हुने ढल निकास, सरसफाई र फोहरमैला व्यवस्थापन कार्य गर्ने ।

(ओ) कृषि क्षेत्रः

१. पहाडमा १ हेक्टरसम्म र तराईमा ५ हेक्टरसम्म वन क्षेत्र कृषिको लागि प्रयोग गर्ने।

२. निर्माण सम्बन्धी देहायको काम गर्नेः

(क) ३०००० वटा भन्दा बढी पंक्षी जाती पाल्नको लागि निर्माण कार्य गर्ने ।

(ख) १००० वटा भन्दा बढी ठूला चौपाया पाल्नको लागि निर्माण कार्य गर्ने।

(ग) ५००० वटा भन्दा बढी साना चौपाया (भेडा, बाख्रा जस्ता) पाल्नको लागि निर्माण कार्य गर्ने ।

(घ) २००० वटा भन्दा बढी बङ्गुर/सुँगुर पाल्नको लागि निर्माण कार्य गर्ने।

(ङ) महानगरपालिका र उपमहानगरपालिका क्षेत्र अन्तर्गतका तराईमा १ हेक्टरभन्दा बढी तथा अन्य ठाउँमा ०.५ हेक्टरभन्दा बढी क्षेत्रमा कृषि थोक बजार स्थापना गर्ने ।

(च) वार्षिक २५ करोड भन्दा बढी माछाको भूरा उत्पादन गर्न ह्याचरीका लागि पोखरी निर्माण गर्ने ।

(छ) पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण सम्बन्धी दैनिक २,००० भन्दा बढी नमूना संकलन तथा परीक्षण कार्यको लागि प्रयोगशाला निर्माण गर्ने।

(ज) अनुमति प्राप्त बधशाला निर्माण गर्ने ।

(झ) प्यारेन्ट र ग्र्यान्ड प्यारेन्ट कुखुरा पालन तथा ह्याचरी संचालन गर्न निर्माण गर्ने ।

३. म्याद नाघेका विषादीको (सूचित विषादीको हकमा मात्र) भण्डारण तथा विसर्जन गर्ने।



सञ्जीव कुमार राय
प्रदेश सचिव

(औ) स्वास्थ्य क्षेत्र

१. २६ देखि १०० शैय्या सम्मको अस्पताल, नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय सञ्चालन गर्ने ।

(अं) शिक्षा क्षेत्र

१. ५१ भन्दा वढी १०० शैय्या सम्मको शिक्षण अस्पताल सञ्चालन गर्ने ।

(अः) खानी क्षेत्र

१. १०० जनासम्म स्थायी बसोबास स्थानान्तरण वा पुनर्वास गरी खानी उत्खनन् गर्ने।

२. रेडियोधर्मी धातु बाहेक अन्य धातु उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक १००० टनसम्म र सतही उत्खनन् भए दैनिक २००० टनसम्म उत्खननको कार्य गर्ने।

३. अधातु खनिज उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक २००० टनसम्म र सतही उत्खनन् भए दैनिक ४८०० मेट्रिक टनसम्म उत्खननको कार्य गर्ने ।

४. साधारण निर्माणमुखी ढुङ्गा, डेकोरेटिभ ढुङ्गा, बालुवा, ग्राभेल, औद्योगिक माटो र साधारण माटोको उत्खननको लागि दैनिक ५० भन्दा वढी देखि ५०० घन मिटरसम्म उत्खननको कार्य गर्ने ।

५. कोइला तथा मट्टिकोइला उत्पादन गर्न गरिने भूमिगत उत्खनन भए दैनिक १००० टन र सतही उत्खनन भए दैनिक २००० टनसम्म उत्खननको कार्य गर्ने ।

६. दैनिक २ लाख घन मिटरसम्म प्राकृतिक ग्याँस वा Biogenic Natural Gas उत्पादन कार्य गर्ने।

७. बनक्षेत्र भन्दा बाहेकको क्षेत्रको प्रत्येक नदी, खोला सतहबाट दैनिक १०० घनमिटर भन्दा बढी ३०० घनमिटरसम्म बालुवा, ग्राभेल, गिर्खा र माटो निकाल्ने ।

सञ्जीव कुमार राई
प्रदेश सचिव

अनुसूची - ३

(नियम ३ को उपनियम (१), (२), (५), (६), नियम ४ को उपनियम (३), (४), (५), नियम ५ को उपनियम (१), (२), (३), (६), (९) र नियम ८ को उपनियम (३) सँग सम्वन्धित)

## वातावरणीय प्रभाव मुल्याङ्कन गर्नुपर्ने प्रस्तावहरु

(अ) वन क्षेत्र

१. तराईमा ५०० हेक्टरभन्दा बढी र पहाडमा २५० हेक्टरभन्दा बढीको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी विरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

२. सम्वन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातीका विरुवाहरु तराईमा ५० हेक्टरभन्दा बढी र पहाडमा २५ हेक्टरभन्दा बढी क्षेत्रफलमा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

३. विद्युत प्रसारण लाइन बाहेक अन्य प्रयोजनको लागि ५ हेक्टरभन्दा बढी वन क्षेत्र प्रयोग गर्ने ।

४. तराईमा १०० हेक्टर भन्दा बढी र पहाडमा ५० हेक्टर भन्दा बढी क्षेत्रफलको वन व्यवसायिक कबुलियती वनको रुपमा दिने ।

५. वन अनुसन्धानको प्रयोजनार्थ वार्षिक ३० हेक्टरभन्दा बढी क्षेत्रफल सम्मको राष्ट्रिय तथा प्रादेशिक वन सरपट कटान गर्ने ।

६. देहाय अनुसारको वन पैदावार संकलन गर्ने गरी जिल्ला भित्रको पञ्चवर्षीय वन कार्ययोजना, वन संरक्षण क्षेत्र वा वातावरण संरक्षण क्षेत्रको व्यवस्थापन योजना वा कार्ययोजना तयार गर्ने ।

(क) वार्षिक ५० मेट्रिक टनभन्दा बढी जरा तथा गानो संकलन गर्ने,

(ख) वार्षिक १५० मेट्रिक टनभन्दा बढी बोक्रा संकलन गर्ने,

(ग) वार्षिक १५० मेट्रिक टन भन्दा बढी पात डाँठ संकलन गर्ने, (सालसिड, रिट्ठा र अमला, तेन्दुपात, भोर्लापात, तेजपात बाहेक)

(घ) वार्षिक १५० मेट्रिक टन भन्दा बढी फूल र भुवा संकलन गर्ने,

(ङ) वार्षिक २०० मेट्रिक टन भन्दा बढी फल र बीज संकलन गर्ने,

(च) वार्षिक १५० मेट्रिक टन भन्दा बढी बिरुवा संकलन गर्ने,

(छ) वार्षिक २०० मेट्रिक टन भन्दा बढी गम, रेजिन (सल्लाको खोटो बाहेक) लोहवान संकलन गर्ने ।

७. प्रचलित कानून अनुसार प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातिहरुको हकमा एक जिल्लाबाट प्रति प्रजाति १०० टन भन्दा बढी वन पैदावार सङ्कलन गर्ने ।



सञ्जीव कुमार राई
प्रदेश सचिव

८. वन क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्रको वन क्षेत्र, मध्यवर्ती क्षेत्रको वन क्षेत्र, सिमसार क्षेत्र वा वातावरण संरक्षण क्षेत्रको वन क्षेत्रमा २५ शैया भन्दा बढीका होटल, रिसोर्ट र अस्पताल वा २५ कोठा भन्दा बढीको शिक्षण संस्था निर्माण गर्ने।

९. वन क्षेत्रमा फोहोर मैला फाल्न, ल्याण्डफिल्ड साइट निर्माण तथा सञ्चालन गर्ने।

(आ) उद्योग क्षेत्र

१. दैनिक ५ लाख लिटर भन्दा बढी क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी, ब्रुअरी तथा वाइनरी उद्योग स्थापना गर्ने ।

२. दैनिक ३००० मेट्रिक टन भन्दा बढी खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

३. दैनिक २५ मेट्रिक टन भन्दा बढी हाड, सिंग र खुर प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

४. दैनिक १५,००० वर्ग फिट भन्दा बढी छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

५. वार्षिक ३ करोड गोटाभन्दा बढी उत्पादन क्षमता भएको पोलेको इटा, टायल आदि बनाउने उद्योग स्थापना गर्ने ।

६. दैनिक १००० मेट्रिक टनभन्दा बढी क्षमताको क्रसर उद्योग स्थापना गर्ने ।

७. दैनिक १०० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको एसिड र अल्काली उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

८. ब्लेण्डिङ्ग प्रक्रिया बाहेकबाट विटुमिन तथा विटुमिन इमल्सनको उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

९. ब्लेण्डिङ्ग प्रक्रिया बाहेकबाट रसायनिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

१०. दैनिक १० मेट्रिक टन भन्दा बढी प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

११. ब्लेण्डिङ्ग प्रक्रिया बाहेकबाट किटनाशक पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

१२. दैनिक ५० मेट्रिक टन (ड्राई वा वेट) भन्दा बढी ब्याट्री रिसाईक्लिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

१३. दैनिक ५ मेट्रिक टन भन्दा बढी फोम उत्पादन उद्योग (फोमको प्रयोग गरी बस्तु उत्पादन गर्ने उद्योग समेत) स्थापना गर्ने ।

१४. दैनिक १०० मे. टन भन्दा बढी उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने ।

१५. चुनढुंगा वा क्लिंकरमा आधारित दैनिक ३००० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको क्लिंकर वा सिमेन्ट उद्योग स्थापना गर्ने ।

१६. दैनिक ३००० मेट्रिक टन भन्दा बढी चुन उत्पादन क्षमता भएको उद्योग स्थापना गर्ने ।

१७. २ अर्ब रुपैया भन्दा बढी मेसिन उपकरणमा लगानी हुने खनिजजन्य पदार्थ प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

१८. दैनिक ५० मेट्रिक टन भन्दा बढी औषधीको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk Drugs) संश्लेषण (Formulation) गर्ने उद्योग स्थापना गर्ने ।

१९. दैनिक ५०० मेट्रिक टन भन्दा बढी प्रारम्भिक स्मेल्टिङ्ग गरी फेरस तथा नन् फेरस बस्तु उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२०. दैनिक ७५० मेट्रिक टन भन्दा बढी धातु रिमेल्टिङ्ग वा रिरोलिङ्ग वा ऐलोयिङ्ग (Alloying) गर्ने उद्योग स्थापना गर्ने ।

२१. उद्योगले आफ्नो प्रयोगको लागि ४० मेगावाट भन्दा बढी नवीकरणीय ऊर्जा प्रविधि (सौर्य, वायु, जैविक आदि) Cogeneration, DG Set बाट विद्युतीय ऊर्जा उत्पादन गर्ने कार्य गर्ने।

२२. वार्षिक ५ लाख घन फिटभन्दा बढी काठ प्रयोग गर्ने स:मिल स्थापना गर्ने ।

२३. वार्षिक २ लाख घन फिटभन्दा बढी काठ वा काठजन्य पदार्थ प्रयोग गरी भेनियर, प्लाईउड, प्लाईबोर्ड आदि बनाउने उद्योग स्थापना गर्ने ।

२४. अर्ध प्रशोधित तेल, फोसिल फ्युल प्रयोग गरी दैनिक २०० मेट्रिक टन भन्दा बढी पेट्रोलियम पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२५. अति घातक पदार्थ जस्तै: आइसोनाइट, मर्करी कम्पाउण्ड उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

२६. रेडियो विकिरण निष्कासन हुने (न्यूक्लियर/एटोमिक प्रशोधन) उद्योग स्थापना गर्ने ।

२७. पेट्रोलियम पाईपलाईन निर्माण गर्न ।

२८. कम्प्यूटर, सफ्टवेयर, विद्युतिय उपकरणहरु प्रयोग गरी सफ्टवेयर तयारी, अनलाईन सेवा, ईन्टरनेट, रेडियो, केबुल नेटवर्क जस्ता प्रकृतिका सेवा दिने कार्य तथा तालिम, परामर्श जस्ता कार्यहरु बाहेक रु. २ अर्बभन्दा बढी मेसिन उपकरणमा लगानी हुने उद्योग ।

२९. जीवनाशक विषादी (सूचित विषादीहरुको हकमा मात्र) प्लाण्ट स्थापना गर्ने ।

३०. दैनिक १० मेट्रिक टन भन्दा बढी प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(इ) सडक क्षेत्र

१. २५ कि. मि. भन्दा बढी लम्बाई हुने कुनै पनि नयाँ सडक निर्माण गर्ने ।

२. ५० कि. मि. भन्दा लामो रज्जुमार्ग निर्माण गर्ने ।

३. ५ कि. मि. भन्दा लामो केबुल कार मार्ग निर्माण गर्ने ।

४. सडक प्रयोजनको लागि ३ कि.मि. भन्दा बढी लम्बाईको सुरुङ्ग बनाउने ।

५. सार्वजनिक यातायातको लागि रेलमार्ग निर्माण तथा सञ्चालन गर्ने ।



सञ्जीव कुमार राय
प्रदेश सचिव

६. ५० कि.मि. भन्दा बढी लम्बाईको राष्ट्रिय तथा प्रादेशिक राजमार्ग वा सहायक सडकको सडकहरुको चौडाई वृद्धि हुने गरी स्तरवृद्धि, पुनर्स्थापना वा पुनर्निर्माण गर्ने ।

(ई) आवास, भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्र

१. १६ तल्ला वा ५० मिटर भन्दा बढी उचाई भएका भवन निर्माण गर्ने ।

२. १०,००० वर्गमिटर क्षेत्रफलभन्दा बढीको Built Up Area वा Floor Area भएको Residential, Commercial वा Residential and Commercial दुवै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने ।

३. २,००० जना भन्दा बढी एकै पटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, Community Hall, Stadium, Concert Hall, Spot Complex, Party Palace निर्माण गर्ने।

४. ५ हेक्टरभन्दा बढी क्षेत्रमा आवास विकास गर्ने ।

५. १०० हेक्टरभन्दा बढीको जग्गा आयोजना सञ्चालन गर्ने ।

६. २० हजार लिटर भन्दा बढी दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने।

७. कृषियोग्य भूमिमा शहरीकरण गर्ने ।

(उ) जलस्रोत र ऊर्जा क्षेत्र

१. विद्युत् उत्पादन अन्तर्गतः

(क) ५० मेगावाटभन्दा बढी क्षमताको जलविद्युत् उत्पादन आयोजना निर्माण गर्ने।

(ख) १ मेगावाटभन्दा बढीको कोइला वा आणविक विद्युत् उत्पादन आयोजना सञ्चालन गर्ने ।

(ख) ५ मेगावाटभन्दा बढीको खनिज तेल वा ग्याँसबाट विद्युत् उत्पादन आयोजना सञ्चालन गर्ने ।

२. सिंचाइको नयाँ प्रणाली अन्तर्गतः

(क) तराई र भित्री मधेशमा २,००० हेक्टरभन्दा बढीको क्षेत्र सिंचाइ गर्ने ।

(ख) पहाडी उपत्यका र टारमा ५०० हेक्टरभन्दा बढीको क्षेत्र सिंचाइ गर्ने ।

(ग) पहाडी भिरालो पाखा र पर्वतीय क्षेत्रमा २०० हेक्टर भन्दा बढी क्षेत्र सिंचाइ गर्ने ।

३. १०० जनाभन्दा बढी स्थायी बसोबास भएका जनसंख्या विस्थापित गर्ने कुनै पनि जलस्रोत विकास कार्य गर्ने ।

४. बहुउद्देश्यीय जलाशयको निर्माण गर्ने ।

५. एउटा जलाधार क्षेत्रबाट अर्को जलाधार क्षेत्रमा पानी फर्काई (इन्टर बेसिन वाटर ट्रान्सफर) उपयोग गर्ने ।



सञ्जीव कुमार राई
प्रदेश सचिव

६. नवीकरणीय ऊर्जा क्षेत्रः

(क) १० मेगा वाट भन्दा बढी क्षमताको सौर्य ऊर्जाबाट विद्युत् उत्पादन आयोजना सञ्चालन गर्ने।

(ख) १० मेगा वाट भन्दा बढी क्षमताको वायु ऊर्जावाट विद्युत् उत्पादन आयोजना सञ्चालन गर्ने ।

(ग) २ मेगा वाट भन्दा बढी क्षमताको जैविक ऊर्जाबाट विद्युत् उत्पादन आयोजना सञ्चालन गर्ने ।

(ऊ) पर्यटन क्षेत्र

१. १०० शैया भन्दा बढीको होटल वा रिसोर्ट निर्माण, स्थापना र सञ्चालन गर्ने ।

२. नयाँ विमानस्थल निर्माण गर्ने ।

(ए) खानेपानी क्षेत्र

१. ५०० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको वर्षातको पानी संकलन गर्ने तथा सोही क्षेत्रफलमा भएको पानीका स्रोतहरुको प्रयोग गर्ने ।

२. सेफ इल्ड १०० एल. पि. एस. (LPS)भन्दा बढी सतही पानीको स्रोत र सो पानीको ७५ प्रतिशत भन्दा बढी सुख्खा समयमा आपूर्ति गर्ने ।

३. भूमिगत पानीको स्रोत विकासका लागि कूल एक्यूफरको ७५ प्रतिशत भन्दा बढी रिचार्ज गर्ने ।

४. खानेपानी आयोजना सञ्चालन गर्नको लागि १०० जनाभन्दा बढी जनसंख्या विस्थापित गर्ने ।

५. ३ कि. मि. भन्दा बढीको सुरुङ्ग निर्माण गरी खानेपानी आयोजना सञ्चालन गर्ने ।

६. खानेपानीको स्रोतको माथिल्लो तटीय भागमा ५०० जनाभन्दा बढीको जनसंख्या बसोबास गराउने ।

७. २ लाख भन्दा बढी जनसंख्यालाई खानेपानी आपूर्ति गर्ने ।

८. २ लाख भन्दा बढी जनसंख्यालाई खानेपानी आपूर्ति गरी नयाँ स्रोत जोड्ने ।

९. जैविक एवं रासायनिक प्रदूषणहरू हुने स्रोत वा तिनबाट प्रभावित हुन सक्ने भूमिगत जलस्रोतको उपयोग गर्ने ।

१०. प्रति सेकेण्ड ५०० लिटरभन्दा बढी पानीको स्रोत उपयोग गर्ने खानेपानी स्रोतसम्बन्धी बहुउद्देश्यीय आयोजना सञ्चालन गर्ने ।

११. सार्वजनिक खानेपानीका आपूर्तिका मुख्य स्रोतमा कार्यान्वयन गरिने कुनै प्रस्ताव ।

(ऐ) फोहरमैला व्यवस्थापन क्षेत्र

१. घर एवं आवास क्षेत्रबाट निस्कने फोहरमैलाको सम्बन्धमा देहायको काम गर्नेः

(क) वार्षिक ५,००० टन भन्दा बढी फोहरमैला जमिनमा भर्ने ।



प्रमुख सचिव

सञ्जीव कुमार राई
प्रदेश सचिव

(ख) १० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्बन्धी काम गर्ने ।

(ग) १० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरिकाबाट फोहरमैला छनौट, केलाउने, तह लाउने र पुनः प्रयोग गर्ने ।

